साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक ३५ २०८१ चैत २६ गते मंगलबार (Apr. 8, 2025) मूल्य रू. १०/-


## २७ खर्ब पुग्यो ऋणभार

२७ खर्ब ऋण पुगिसक्यो, अर्थतन्त्रको मेरूदण्ड भाँचिने अवस्था छ, चिन्ता र चासो कतै छैन । गभर्नर नियुक्ती गर्न सत्ताधारी कांग्रेस र एमाले न्वारानको बल लगाएर लागिपरेका छन् । बिचौलियाहरू गभर्नरका लागि लविङ गरिरहेका छन् । देशको अर्थतन्त्र धरापमा फसिसकेको स्थितिमा पनि यस्तो कमजोरी, खेलाँची ? प्रतिव्यक्ति ९० हजारमाथि ऋणभार पुगिसक्दा पनि भ्रष्टाचार र कमिशनकै लागि मरिहत्ते गर्ने ? राजनीति हो कि जुका ?

जनताले बुझ्दैनन्, बुझ्नेहरू बोल्दैनन् । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक कहालीलाग्दो छ । चालु आर्थिक वर्षको सुरूमा २४ खर्ब ३४ अर्ब रहेको ऋण ८ महिनामै बढेर २७ खर्ब हाराहारीमा पुगिसक्यो । स्रोत भन्छ- आन्तरिकतर्फ १३ खर्ब १५ अर्ब र बाह्य ऋणभार १३ खर्ब ६० अर्ब नाघेको छ । यतिका ऋणभार कहाँ लगानी भयो ? १७ अर्बमा आउनुपर्ने मेलम्ची ६४ अर्ब खर्च गरिसक्दा पनि राजधानीमा पानी आउँदैन किन ? यत्ति बुझे भ्रष्टाचारको महाभारत बुझिने छ ।

# हिन्दुराष्ट्र र राजतन्त्रबारे वार्ता






नेपाल र भारतका प्रधानमन्त्रीद्वय केपी ओली र नरेन्द्र मोदीवीच थाइलेण्डमा वान टु वान वार्ता भयो । यसकारण यो वार्ता चर्को उत्सुकतामा छ । वान टु वान वार्ता किन ? बिरलै मोदीले गर्ने यस्तो वार्ता साह्रै गम्भीर विषयमा हुनेगरेको देखिन्छ । नेपालका सन्दर्भमा पनि मोदीले आन्दोलनका विषयमा चासो राखेकोसम्मका कुरा चुहिएका छन् । वार्ता आत्मीय र सौहार्दपूर्ण भएको दुवै प्रमले ट्वीट गरेका छन्, कति सार्थक त्यसको परीक्षण सुरू भइसकेको छ ।

नेपाली भाषामै मोदीले ट्वीट गर्नुलाई पनि अर्थपूर्ण मानिएको छ । यो वार्ता सम्बन्धलाई प्राथमिकता हो कि थप नेपाल भारतवीचका उर्जा, कनेक्टिभिटी, संस्कृति र डिजिटल प्रविधि, अन्य समस्या र नेपालमा भइरहेको अराजकताका विषयमा पनि हो ? हिन्दुत्वका लागि मात्र हो कि नेपाली जनताले गरेको आन्दोलनका लागि पनि चासो रह्यो ? बिस्तारै प्रष्ट हुनेछ ।

फर्केपछि प्रम ओलीले एयरपोर्टदेखि नै प्रसन्नता व्यक्त गरेका छन् । तर भेटवार्तामा मोदीको अनुहारमा चमक नदेखिनुले संशय उत्पन्न गरेको छ ।

नरेन्द्र मोदीसँगको लामो प्रतिक्षा र हार गुहारपछिको वान टु वान वार्तालाई एमालेले ठूलो सफलता भनेको छ । ‘अस्थिर र विचलित नहुँदा पनि सम्बन्धलाई सुधार गर्न सकिन्छ र मित्रतालाई थप मजबुत बनाउन सकिन्छ भन्ने दृष्टान्त हो, नेपाल र भारतका प्रधानमन्त्री बीचको सम्वाद र सम्वाद पछिको दुवै देशका प्रधानमन्त्रीहरूको सकारात्मक र उत्साहप्रद प्रतिक्रिया ।’

प्रम ओलीले सगरमाथा संवादमा निम्त्याउँदा मोदी नेपाल आउन नसक्ने बताउनु र ओलीलाई यही अप्रिल महिनामै भारत भ्रमण हुने भारतीय निम्तोको पनि प्रष्टता हुनसकेको छैन । प्रम ओलीले भनेका छन्- ‘यसपल्ट सगरमाथा सम्वादमा मोदीजी आउन भ्याउनु हुन्न, उहाँको पहिले नै त्यसैबेला यूरोप जाने कार्यक्रम तय भइसकेको रहेछ ।’

सगरमाथा सम्वादमा मोदी नेपाल भ्रमण गराउन प्रम र परराष्ट्रमन्त्री असफल भएका छन् । परराष्ट्रमन्त्री आरजुले मोदीको भेट पाएकी छिन् ।

विशेष कारण परेका बेलामा मात्र वान टु वान भेट गर्ने मोदीले ओलीलाई भेट दिनुको अन्तर्यका बारेमा अनेक चर्चा चलिरहेको छ । यो भेट कति महत्वको हो ? परिणामले देखाउने जानकारहरू बताउँछन् ।

कूटनीतिज्ञका अनुसार भेटका चार कारण हुनसक्छन् । मोदी र ओलीको भ्रमणको आदानप्रदान होला कि नहोला ? यसबाट सम्बन्ध सुध्रिएको देखिनेछ ।

दोस्रो कारण नेपालमा रोकिएका भारतीय आयोजना र एजेण्डाहरू लगायत इपीजी रिपोर्ट भारतले बुझ्ला कि नबुझ्ला ? भन्ने पनि प्रश्न छ ।

तेस्रो भनेको सीमा विवादको अन्त्य के कसरी हुनेछ ? सीमासम्बन्धी वार्ता ठप्प छ र दुवै मुलुकले भूगोलका बारेमा बिबाद गरिरहेका छन् । नेपालले आफ्नो पक्ष प्रष्ट पार्नैपर्ने र लिम्पियाधुरा, कालापानी लगायतका सीमा प्रष्ट पार्नुपर्ने छ ।

चौथो भनेको भारतले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चीनको ऋण र चीनले बनाएकै कारण रूट दिएको छैन । त्यसबारेमा पनि प्रष्टता आउनुपर्छ ।

योभन्दा पनि महत्वपूर्ण कुरा भारतीय प्रम नरेन्द्र मोदीले नेपालमा भइरहेको जनप्रदर्शनबारे चासो राखेको भन्ने छ । नेपालमा राजतन्त्र र हिन्दुराष्ट्रको माग बढिरहेको स्थितिमा भारत पनि नेपाललाई हिन्दुराष्ट्र बनाउन उद्दत छ भन्ने अनेक घटनाक्रम छ । के मोदीले नेपालमा राजतन्त्रका बारेमा पनि चर्चा गरे होलान् त ? त्यसो त ४५ मिनेट भएको वान टु वान वार्तामा कोही थिएनन् । यसकारण पनि यो समय नेपाल भारत सम्बन्धमा मात्र केन्द्रित थिएन । नेपालमा बढ्दो चिनियाँ प्रभाव र लगानी, भारतको सुरक्षा, नेपाली राजनीति र भारतीय प्रभाव अनेक एजेण्डाहरूमा छलफल भएका छन् भन्न सकिन्छ । दुई राष्ट्रका सरकार प्रमुख पक्कै पनि मुख हेराहेर गरेर बसेनन् भने मुद्दामा छलफल भएकै छन् ।

नेपाल भारतवीच लामो समयदेखि नियमित सम्पर्क छैन, नियमित कार्यहरू भए पनि असजिलोपन छ । संविधान जारी हुँद भारतको असन्तुष्टिको तुष बाँकी नै छ । नेपालमा संविधान संशोधनका मुद्दा उठेका छन् । यसमा पनि भारतको कुरा बुझ्ने प्रयास भयो होला । नेपालले खोज्ने स्थिरता र विकास हो, त्यसका लागि १८८० किलोमिटर खुला सीमा भएको भारतको ठूलो भूमिका छ । यसकारण पनि यो भेटवार्ताको महत्व नेपालका सनदर्भमा बढी छ ।


मुख्य भारतको चासो राजावादी-हिन्दूवादी आन्दोलन नै हो । प्रम ओली अथवा भारतीय पक्षले खुलासा नगरे पनि केही भारतका गोदी मिडिया भनिनेहरूले यो विषय वार्तामा प्रवेश भएको लेखेका छन् । त्यसै पनि मोदी र भाजपा हिन्दू राजनीतिका प्रणेता हुन् । नेपालको आन्दोलनका विषयमा मोदी मौन बसे भन्न सकिने अवस्था छैन ।

फागुन २५ गते राजाको स्वागतमा देखिएको जनलहरमा भारतीय नेता योगीको फोटो प्रदर्शन गरियो । यसपछि चैत १५ गते अथाह जनलहरले राजतन्त्र र हिन्दुराष्ट्रको माग गर्दा राज्य दमन भयो, २ जनाको हत्या भयो भने धेरैजना घाइते भए । सांसदसहित २ नेतामाथि थुनेर अनुसन्धान भइरहेछ ।

विश्लेषकहरूले बिस्तारै भेटका विषयमा प्रष्टता आउँदैजाला भन्दै यो भेटवार्तामा मोदी र ओलीवीच धेरै समय नेपालमा चका विषयमा छलफल भएको भन्छन् । मोदीले के सुझाव दिए, ओलीले कसरी ग्रहण गरे, बिस्तारै देखिएला ?

## सम्झौताबारे भारत किन बोल्दैन ?

२०६३ साल वैशाख ११ गतेका साक्षी हुन् करण सिंह । भारतमा कांग्रेस आईको सरकार थियो र नेपालमा आन्दोलन चर्किरहँदा भारतले पठाएका साक्षी थिए करण सिंह । उनैले राजा र ७ दलवीच ५ सूत्रीय सहमति गराएका थिए । त्यसपछि राजाले मरेको संसद ब्यूँताईदिए, त्यतिबेला प्रधानमन्त्री बने गिरिजाप्रसाद कोइराला । राजासँगै उनले सपथग्रहण गरेका थिए । त्यसपछि आफै राष्ट्राध्यक्षको अधिकारसमेत लिएर चिनियाँ राजदूतको ओहदाको प्रमाणपत्रसमेत बुझेका थिए । २०६३ साल वैशाख ११ गते भएको त्यो दल र राजावीचको सहमति के थियो ? राजाले समेत सहमति तोडेको आरोप लगाइसकेका छन् भने दलहरूले फेरि राजा बन्न खोजेको भनेर २०८१ चैत १५ गतेको घटनाकोदोष राजामाथि खन्याइरहेका छन् । राजाले राष्ट्रको अस्तित्व बचाउन सहमति र सहकार्यको खोज गर्दा गणतन्त्रवादी नेताहरूले आफ्नो १७ वर्षको भ्रष्टाचार, अनीति र अकर्मण्यताको दोष राजाको टाउकोमा खन्याउनु अति हो भन्ने धारणा आमनागरिकको रहेको छ । यसकारण पनि सडकमा आमनागरिक विद्रोह बोलिरहेको देखिन्छ ।




२०६३ साल वैशाख ११ गतेको सम्झौतामा कुनै न कुनै प्रकारको राजसंस्था राख्ने भन्ने सहमति अझै रहस्यमय नै छ । यो सहमतिको साक्षी भारतीय दूत काश्मिरका राजा हरि सिंहका छोरा करण सिंह आफूलाई बेदान्ताचार्य भन्छन् । अब त भारतले राजा र दलवीचको सहमतिका बुँदाहरू सार्वजनिक गरिदिए हुँदैन र ?

## मोर्चामाथि अर्को मोर्चा, मधेसी मोर्चा

मधेस केन्द्रित सात दल जनमत पार्टी, जसपा नेपाल, लोसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी र तमलोपा मिलेर मधेसी मोर्चा गठन गरेका छन् । यो मोर्चाले संविधान संशोधनमा आफ्नो एजेण्डा राख्न र मधेशमा एकताबद्ध भएर आफ्नो राजनीतिक अस्तित्व जोगाउन पनि यो मोर्चा गठन गरेको सहजै बुझ्न सकिन्छ ।




विश्लेष्कहरूले नयाँ ब्राण्डको मोर्चा गठन भएको भनेका छन्, मधेसी मोर्चा । संघीय लोकतान्त्रिक मोर्चा, समाजवादी मोर्चा, वैज्ञानिक समाजवाद जस्ता अनेक मोर्चा छन् । मोर्चा बन्नु र आन्तरिक रूपमा बिबादमा मुछिनेक्रम पनि जारी छ ।

माओवादी, जसपा, नेकपा स, विप्लव मिलेको समाजवादी मोर्चा छ भने ओलीले गर्दा एमाले फुटेर माधव नेपालको नेतृत्वको वैज्ञानिक समाजवाद पनि छ । संसदमा माओवादीको ३२, जसपाको १२ र समाजवादीको १० गरेर ५४ सांसद छन् । मधेसी मोर्चा सत्ता कि प्रतिपक्षीतिर छन्, स्पष्ट भन्न सकिने अवस्था छैन ।

## हरायो गिरिबन्धु, बालुवाटार काण्ड



तातेको वाइडबडी, ओम्नी, सुन काण्ड सेलायो । त्यसपछि बुढी गण्डकीमा ३-३ अर्ब खाने बाबुरामद्वारा आरोप लागेका यी ३ नेता र स्वयम बाबुराम, माधव नेपाललागयतका माथिको ललिता निवास जग्गा प्रकरण, गिरिबन्धु काण्डहरू यतिबेला सेलाएर गएको छ । राजतन्त्रवादीको आन्दोलन र आन्दोलनमा भएका हिंसाका घटनामा राजा नै जिम्मेवार हुन् भनेर यिनले विषयान्तर गर्न भ्याएका छन् । तर राप्रपा, आन्दोलनकारी, कानुनविदहरू चैत १५ को घटनामा राज्य आतंक फैलाएको प्रमाण भएकाले निष्पक्ष कानुनी छानबिन हुनुपर्ने माग गरिरहेका छन् ।

प्रम ओली स्वयम्ले निष्पक्ष छानबिन हुनसक्छ, नहुन पनि सक्छ भनेर दोधारे कुरा गर्दैछन् भने प्रम ओली र गृहमन्त्री रमेश लेखकवीच मतैक्य हुनसकेको छैन । ओलीका हनुमानहरू छानबिन गर्न जरूरी छैन भनिरहेका छन् भने कांग्रेसी नेता तथा गृहमन्त्री फसिन्छ भनेर छानबिन नकारी रहेको अवस्था छ । उजुरी मानवाधिकार आयोग पुगिसकेको छ भने हेगसम्म पनि उजुरी गर्ने तैयार भइरहेको छ ।

ललिता निवास प्रकरणमा ११० जना आरोपित छन् भने अख्तियारले अन्य ६५ जना जग्गाधनीहरूको जग्गा जफत हुनुपर्ने माग राखेको छ । विशेष अदालतको फैसलाविरूद्ध सर्वोच्चमा पुगेको यो मुद्दामा के हुन्छ भन्न सकिन्न भने गिरिबन्धुलगायतका प्रकरण पनि सामसुम पारिने खतरा बढेर गएको छ ।

# नेपालले पाएको कर सुविधामा भारतीयहरु सकृय

अमेरिकाले नेपालमाथि १० प्रतिशतमात्र भन्सार शुल्क लगाएको छ । जबकि भारतलाई २७ प्रतिशत ।

नेपालबाट निर्यात हुनसक्ने ७७ प्रकारका सामानमा अमेरिकाले सुविधा दिएको हो । यसमा कार्पेट, पश्मिना, हस्तकला रहेका छन् भने धेरै प्रकारका नेपाली सामान निर्यातमा भन्सार निशुल्क पनि गरिएका छन् ।

नेपालले पहिले युरोप, अमेरिकामा पश्मिना, कार्पेट, गार्मेन्टमा व्यापक निर्यात गरिरहेको थियो तर भारतले यसरी षडयन्त्र गरिदियो कि नेपालका उत्पालन बालश्रम प्रयोग भएको भनेर बदनाम गरियो । नेपालका घरघरमा तान थिए, गार्मेन्ट र कार्पेट उत्पादन हुन्थ्यो । नेपालको अर्थतन्त्र साह्रै मजबुत हुनपुगेको थियो । तर राज्यले अन्तर्राष्ट्रिय विश्वास कायम राख्न सकेन, षडयन्त्र बढ्यो र नेपालको उत्पादन निर्यात समाप्त हुँदै गयो ।

अहिले बजेटको हाराहारीमा व्यापार घाटा छ, २७ खर्ब विदेशी ऋण पुगिसकेको छ । अर्थतन्त्र चलायमान छैन । राष्ट्रिय संकट बढ्दो छ, अराजकता र अस्थिरताले गाँजेको छ । यो अवस्थामा आएर अमेरिकाले नेपाली बस्तु निर्यातमा १० प्रतिशतमात्र भन्सार शुल्क लगाएर गुण लगाएको छ । यो अवसरलाई अपनाउन सके नेपालको निर्यात व्यापारमा बढोत्तरी हुनेछ ।

अमेरिका निर्यात हुने वस्तुमा लगाएको नयाँ शुल्कबारे घटाउनका लागि विश्वका ५० राष्ट्रहरू अमेरिकी राष्ट्रपतिसँग वार्ता गर्न खोजिरहेका छन् । गत बुधवार नयाँ भन्सार शुल्क लगाएपछि विश्वबजारमा झट्का लागेको छ, तर ट्रम्प अडिग छन् । भनिन्छ, राष्ट्रपतिको नरमपन पनि रहेको भन्दै वार्ता गर्न सकिने अवस्था विद्यमान रहेको ह्वाइट हाउस राष्ट्रिय आर्थिक परिषद्का प्रमुख केभिन ह्यासेटले संकेत गरेका छन् । यसकारण धेरै राष्ट्र वार्ता गर्न चाहन्छन् ।

राष्ट्रपति ट्रम्पको आक्षेप छ- अमेरिका सामान निर्यात गर्ने देशहरूले वास्तवमा अमेरिकीहरूलाई ठगिरहेका छन् । या गल्तीलाई सुधार्ने उपाय भनेको भन्सार शुल्कको बढोत्तरी नै हो ।





जेहोस्, विश्वशक्ति राष्ट्र र उत्पादनशीलहरूको कुरा ठूलो हो । नेपालका लागि अमेरिकाले निर्यातमा दिएको शुल्क सुविधा गोल्डन चान्स हो, यसको नेपालले बढीभन्दा बढी सदुपयोग गरेर नेपालको अर्थतन्त्रलाई उकास्न सक्छ ।

तर भारतीय उत्पादकहरू नेपालमा अहिले नै सलबलाउन थालिसकेका छन् । जसरी नेपालको गार्मेन्ट, कार्पेट, पश्मिना उद्यमलाई ध्वस्त पारिदिए, त्यस्तै गरेर भारतीय सामानलाई नेपाल मेडको टाँचा लगाएर अमेरिका निर्यात गर्ने भारतीय उद्यमी व्यापारीहरूले मौका खोजिरहेका छन् । अमेरिकालाई केही समय झुक्याउन सकिएला, अन्ततोगत्वा नेपाली उत्पादनको नाममा भारतीय सामान निर्यात हुनथाल्यो भने त्यसको नेपालका लागि दूरगामी असर पर्ने पक्का छ ।

नेपालले उद्यम खोल्ने, उत्पादन बढाउने, निर्यातमा विशेष चासो राख्ने हो भने खासगरी नेपाली हस्तकलाले अमेरिकामा ठूलो बजार पाउनसक्छ । नेपालको हितका लागि अमेरिकाले दिएको कर सुविधाको दुरूपयोग गरेर भ्रष्टाचार भयो भने अमेरिकाले लगाएको ‘ठगी’को आरोपबाट नेपाल कदापि बच्न नसक्ने बताइँदैछ ।

# सर्वपक्षीय सरकार



गोबिन्द बोहोरा
+977 985-1141646

फागुन २५ गते काठमाडौँमा हजारौं समर्थकहरूले पूर्व राजा ज्ञानेन्द्र शाहको स्वागत गर्दै राजतन्त्र पुनर्स्थापना र हिन्दू राष्ट्रको माग गरे । यसरी राजावादीहरूमा आन्दोलनको तयारी गर्न मनोबल बढ्नुमा वर्तमान राजनीतिक अस्थिरता, भ्रष्टाचार र आर्थिक समस्याहरू नै प्रमुख कारकको रूपमा देखिन्छन् ।

२०६५ जेठ १५ गतेबाट गणतन्त्र स्थापना भए पनि २०८१ को अन्तिम महिनासम्म १३ वटा सरकार परिवर्तन भएको देखियो । यो नै जनताको लागि चरम निराशा र असन्तोषको मापन गर्ने ऐना भएको छ । अर्थात ठुला दलहरू अकर्मण्यतामा फसेको समयमा र अमेरिका जस्ता राष्ट्रले नेपाललाई लामो समयबाट दिदै आएको घोषित अघोषित लगानी र अनुदानलाई पुनरमुल्यांकन गर्ने निर्णय गरेको स्थितिलाई शायद मध्यनजर गरेरै हुनसक्छ राप्रपा जस्ता दल र दुर्गा प्रसाईजस्ता व्यक्तिहरूले राजालाई दरबारमा पुनःस्थापित गर्ने समय हुनसक्छ । जस्को लागि बृहत् आन्दोलनको सृजना गरि पुर्वराजालाई जसरी पनि राजगद्दीमा बसालेर श्रीपेज पहिर्याईदिन आम जनतालाई पनि संघर्षमा जोड्दै साथ दिन आह्वान समेत गरिसकेका छन् ।

तर, पुराना अनुभवि राजनीतिज्ञ, संवैधानिक ज्ञाता, सामाजिक सम्झौताका जानकार तथा खराखरा राजनीतिक विश्लेषकहरूका अनुसार भने, आजको नेपालमा राजतन्त्र पुनर्स्थापनाका लागि संवैधानिक, राजनीतिक र सामाजिक आधार निक्कै कमजोर रहेको छ । आजसम्मको परिवेश हेर्दा राजतन्त्र पुनर्स्थापना असम्भव छ ।

यता, मुख्य तीन ठूला पार्टीहरू जस्ले यो संविधान जारी गरे- ती नेपाली कांग्रेस, नेकपा (एमाले), र नेकपा (माओवादी केन्द्र) हुन् । तर, आज यी तिनै मुख्य पार्टीहरूबीच नै आन्तरिक कलह र विश्वासको कमीले जनताको असन्तुष्टिलाई सम्बोधन गर्न कठिनाइ उत्पन्न गरेको आजको सत्य हो । यतिसम्म कि २०७२ असोज ३ गते संविधान जारी गरेर आज २०८२ आउनै लाग्दा सम्म मुख्य मुख्य कानुन समेत बनाएनन् । यदि यी पार्टीहरूले आपसी मतभेदलाई पन्छाएर जनताको माग र आवश्यकतामा केन्द्रित भएर काम गरे भने त असन्तुष्टि कम गर्न सकिहाल्छन् नि । तर दलहरू त्यसो गर्न अहिलेसम्म तयार देखिदैंनन् ।

दक्षिण छिमेक भारतमा हिन्दूराष्ट्र नेपालको माग गर्दै केही हिन्दूवादी संस्थाहरूले कार्यक्रमहरू आयोजना गरेका छन्, जुन कार्यक्रमहरूबाट नेपालमा पनि प्रभाव नपरेको भन्न सकिँदैन, प्रभाव परेको मात्र हैन- दबाब नै बढेको बढ्यै पनि छ । यद्यपि, भारतीय संस्थापन पक्ष भाज पार्टी (भाजपा) जस्ता सत्ताधारी दलहरूको यसमा प्रत्यक्ष-परोक्ष संलग्नता अहिलेसम्म स्पष्ट रूपमा देखिसकेको पनि छैन ।

उता उत्तरी छिमेक चिनलाई बुझ्ने हो भने, चीनले नेपालमा मुलतः स्थिरताको सरकार सहित विकासमा मात्र चासो राखेको पाइन्छ । उसले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) मार्फत नेपालमा पूर्वाधार विकास गर्न चाहन्छ । यसर्थमा उत्तरी छिमेक चीन पनि नेपालमा राजतन्त्र पुनर्स्थापनाको सन्दर्भमा चीनको आधिकारिक धारणा सहित स्पष्ट रूपमा सार्वजनिक भएको अहिलेसम्म छैन । चीनको एउटै प्राथमिकता नेपालमा स्थिरता र विकासमा केन्द्रित रहेको देखिन्छ ।

निचोडमा नेपाल मामलामा भारत र चीन दुवैले नेपालमा स्थिरता र विकासमा खाँचो देखेको बुझिन्छ । सतहमा नदेखिएको मात्र हो ।

समग्रमा, नेपालमा राजतन्त्र पुनर्स्थापनाको सम्भावना तत्कालका लागि निक्कै कम देखिन्छ । तर, जनताको असन्तुष्टि सम्बोधन गर्न भने प्रमुख राजनीतिक दलहरूले गम्भीर प्रयास छिट्टै गर्न आवश्यक छ । यसर्थमा अझपनी प्रमुख दलहरूले सुधारको बाटो नलिएमा र जनताको असन्तुष्टिलाई सम्बोधन नगरेमा भने जनता आफ्नै बलबुतामा सडकमा ओर्लेर निर्णय गर्नु पर्ने परिस्थितिको विकास हुन्छ नै । मलाई लाग्छ त्यो परिस्थितिले अन्तिममा "सर्वपक्षीय नागरिक सरकार" निर्माणको बाटो लिनेछ र अन्तरिम नागरिक सरकार बन्नेछ । त्यो सरकारलाई सबै किसिमको सुधार गर्न सिङ्गो सुरक्षा निकायले विशेष निर्देशन सहित हरकिसिमबाट सुरक्षा कुटनैतिक सहित भरपुर साथ र सहयोग समेत दिने बिश्वास गर्न सकिन्छ ! बाँकी सुधार त्यसपछी, हामी सबैको जय होस् ...

*संयोजक- हाम्रो पार्टी नेपाल*

# तीनकुने घटनाले बढाएको सत्ता संकट



डा. केशव देवकोटा

***चैत १५ गते काठमाडौंको एयरपोर्ट तीनकुने र त्यस वरपरमा जेजस्ता अप्रिय घटनाहरू घटे, त्यसमा सरकारी पक्षको स्पष्ट त्रुटी देखिएको छ । सो घटनाले यतिबेलासम्म गृहमन्त्रि र नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका महानिरीक्षकहरूलाई अप्ठेरोपर्ने देखाएका छन् ।***

***७४६ वटा अश्रुग्याँस पड्काउने, १९२ वटा छर्रा पड्काउने, ब्ल्याङ फायरगर्ने, ५८ पटक हवाई फायर गर्नेजस्ता घटना भएकाले पनि सोदिन सरकारी दमन पूर्बनियोजित र प्रायोजित रहेको धेरैले निष्कर्ष निकालेका छन् । त्यसैले बर्तमान सरकार सो घटनाको न्यायिक छानविनगर्न र दोषिमाथि कारवाहीगर्न बाध्य हुने देखिएको छ ।***

नेपालमा पछिल्लो समयमा राजनीतिक संकट बढिरहेका बेला फेरी गत १५ गतेको काठमाडौंको तीनकुनेमा घटेको घटनाले सत्ता संकटकोसमेत सिर्जना गरेको छ । जसलेगर्दा बर्तमान सरकारसँगै राजनीतिक ब्यवस्थासमेत जाने र देश फेरी अन्तरिम अवस्थामा पुग्ने संकेतहरू पनि देखिन थालेका छन् । गत १५ गते काठमाडौंको एयरपोर्ट तीनकुने र त्यस वरपरमा जेजस्ता अप्रिय घटनाहरू घटे, त्यसमा सरकारी पक्षको स्पष्ट त्रुटी देखिएको छ । सो घटनाले यतिबेलासम्म गृहमन्त्रि र नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका महानिरीक्षकहरूलाई अप्ठेरोपर्ने देखाएका छन् । हालसम्म त्यस घटनाका जे जति मिथ्या सूचना र अपूरा चित्रहरू बाहिर आएका छन्, त्यसले पनि न्यायिक छानबिनको मागलाई झन् बढाएको छ । प्रधानमन्त्रि केपी ओली आफ्नो पाँच दिने थाइल्याण्डको भ्रमण सकेर गत शनिबारनै स्वदेश फर्किसक्नु भएको छ । उहाँले स्वदेश फर्कदैगर्दा त्रिभुवन बिमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा गत १५ गतेको घटनाको छानविनगर्ने स्पष्ट बताउनु भएपनि न्यायिक समिति बनाउने कि नबनाउने भन्नेबारेमा द्विबिधा ब्यक्त गर्नुभएको थियो । तर बिभिन्न कारणलेगर्दा सरकार सो घटनाको छानविनका लागि न्यायिक समिति गठनगर्न बाध्य हुने देखिएको छ । पहिलो त गत १५ गतेको घटनालगत्तै बसेका संसदका बैठकहरूमा सो घटनामा सरकारी कमजोरी रहेका कारण न्यायिक समिति बनाएर छानविन हुनुपर्ने चर्को माग भएको थियो । दोश्रो संसदको कानून, न्याय तथा मानव अधिकार समितिको गत २१ गते सिंहदरबारमा बसेको बैठकले पनि सरकारलाई तीनकुने घटनाकाबारेमा सत्यतथ्य पत्तालगाउन न्यायिक छानबिन समिति बनाउन निर्देशन दिएको थियो । बैठकको निर्णय सार्वजिनिकगर्दै सो समितिले उक्त घटनाका सम्बन्धमा पूर्वप्रधानन्यायधीश वा पूर्वन्यायाधीशको अध्यक्षतामा छानबिन समिति गठनगर्न सरकारलाई निर्देशन दिइएको जनाएको थियो । त्यसमा निष्पक्ष छानबिनागरी दोषीमाथि प्रचलित कानूनअनुसार कडा कारवाही गर्नपर्ने अवस्था रहेको खुलाशा पनि गरिएको थियो । तीनकुने घटनाले मानव अधिकारको विश्वव्यापी घोषणपत्रको समेत गम्भीर उलंघन गरेको र सरकारको सुरक्षा व्यवस्थापनमा कमजोरी देखिएको समेत समितिको ठहर थियो ।

समितिले त्यसअघि गृहमन्त्रि र दुईवटा प्रहरी संगठनका महानिरीक्षकहरूसँग छलफल गरेपछि न्यायिक समिति गठन गर्नैपर्ने निष्कर्ष निकालेका कारण सो दिनको घटनामा सरकारी कमजोरी गंभिर प्रकृतिको रहेको स्वतह प्रमाणित भएको छ । त्यसैगरी नेकां र एमाले हाल सरकारमा रहेपनि संसदको तेश्रो तथा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र, चौथो दल रास्वपा र पाँचौ दल राप्रपालगायतले सो घटनाको छानविनगर्नका लागि न्यायिक समिति गठनगर्नुको अर्को बिकल्प नरहेको निष्कर्ष निकालेका छन् । राप्रपाले त गत २१ गते तत्कालीन कार्यबाहक प्रधानमन्त्री प्रकाशमान सिंहलाई एक ज्ञापनपत्र बुझाउँदै गृहमन्त्रि रमेश लेखकले तत्काल पदबाट राजीनामा दिनुपर्ने र तीनकुनेको प्रदर्शनमा दमन भएकाले तत्काल न्यायिक छानबिन समिति गठन हुनुपर्ने माग गरेको थियो । राप्रपाका नेताहरूले सर्वोच्च अदालतका पूर्वन्यायधीशको अध्यक्षतामा मानव अधिकार आयोग र नागरिक समाजसमेत सम्मिलित स्वतन्त्र छानबिन आयोग गठनगर्न र छानबिनका लागि गृह मन्त्रीको राजिनामा, चैत १५ गते दमनमा नेतृत्वगर्ने प्रहरी प्रमुख र प्रशासकीय नेतृत्वको निलम्बनसहितका पाँचवटा माग राखेको थियो । उक्त मागहरूमा मृतकहरू सबिन महर्जन र सुरेश रजकलाई शहीद घोषणा तथा क्षतिपूर्तिको ब्यवस्था, राप्रपा नेताहरू रबिन्द्र मिश्र र डा. धवल शमशेर राणालगायत अन्यमाथी लगाइएको झुट्ठा मुद्धाको खारेजी र निर्दोषहरूको रिहाइ तथा घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गरिनुपर्ने रहेका थिए । नभन्दै सरकारले घाइतेहरूको निशुल्क उपचारगर्ने निर्णय गरेर आवश्यक प्रबन्ध पनि गरिसकेको छ । त्यसैगरी मृतकका परिवारलाई प्रतिब्यक्ति १० लाख दिने घोषणा पनि गरिसकेको छ । तर अन्य मागहरूभने पूरा भएका छैनन् । त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले पनि गत १५ गतेको घटनामा सरकारी कमजोरी रहेको ठहर गरिसकेको छ । बिभिन्न व्यक्ति र निजी सम्पतीमा क्षतिभएको एवं बिभिन्न पार्टी कार्यालय, सञ्चार माध्यमलगायत भएको आगजनी, तोडफोडका गतिविधि नेपालको संविधानमा प्रस्तावनामा रहेको मौलिक अधिकार, मानवअधिकार धारा २५ मा रहेको सम्पत्तिको हक एवं मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ लगायत अन्तर्राष्ट्रिय कानूनले प्रदानगरेको नैशर्गिक अधिकारमासमेत गम्भीर आघात पुग्नगई मानव अधिकारको उल्लघन हुनगएको भनिएको छ । मानव अधिकार आयोगको जोड पनि अधिकार सम्पन्न न्यायिक समिति गठन गरेर दोषिहरूमाथि कारवाही हुनुपर्छभन्ने रहेको छ । अन्तराष्ट्रिय सञ्चार माध्यमहरूले पनि त्यसदिन नेपालको सरकारको गंभिर प्रकृतिको कमजोरी रहेकाले न्यायिक छानविन हुनुपर्ने टिका टिप्पणीगर्दै आएका छन् । त्यसैगरी नेपाली सेना र प्रहरीका कतिपय पूर्ब अधिकृतहरूलेसमेत तीनकुने घटनामा गंभिर ढंगको सुरक्षा कमजमोरी भएको प्रतिक्रियादिँदै स्वतन्त्र र निष्पक्ष छानविन गर्न न्यायिक आयोगको अर्को बिकल्प नभएको बताउनु भएको छ ।

त्यसदिन सरकारी र गैह्र सरकारीगरी अर्बौ रूपैयाँको क्षति भएको छ । बर्तमान सरकारका बिपक्षी दलका कार्यालय र बिभिन्न सञ्चार माध्यमका कार्यालयहरूमा मुख्य निशाना बनाएर आक्रमणहरू गरिएका थिए । सो दिनको कार्यक्रमको आयोजक मेडिकल ब्यवसायी दुर्गा प्रशाइँ भएको स्पष्ट हुँदाहुँदै उहाँ कार्यक्रम स्थलमा पुग्नसमेत नपाउँदै प्रहरी कारवाही थालिएको थियो । प्रशाइँ कार्यक्रम स्थल नजिक पुग्दा कुनै कारवाही नगरी त्यहाँबाट भागेपछिमात्र खोजी थालिएको थियो । हालसम्म पनि प्रशाइँको अवस्था अज्ञात रहेको छ । तर उहाँले प्रयोग गरेको भनिएको बिएबी ४२०८ नम्बरको एसयुभी सो गाडी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले इटहरीबाट नियन्त्रणमा लिएर काठमाडौं ल्याएको भनेको छ । त्यसमा सुनसरी प्रहरीको भूमिका खुलेको छैन । सो गाडीमा चढ्नुअघि प्रशाईं सटरभित्र लुकेको र पछि सहयोगीहरूले गाडीमा पुर्याइदिएका भिडिओहरू पनि प्रहरीसँग रहेको बताइएको छ । गाडी इटहरीमा गाडी फेलापरेकाले प्रशाईं भारततर्फ भागेको हुनुसक्ने प्रहरीको आशंका पनि बाहिर आएको छ । प्रशाईं तीनकुनेबाट भागेर धर्मगुरू पुष्कर खतिवडाको इमाडोलस्थित घरमा पुगेको आरोपमा चैत १६ गतेनै प्रहरीले खतिवडालाईसमेत पक्राउ गरेको थियो । तर त्यसबाट पनि प्रशाइँको अवस्था खुलेको छैन । तीनकुनेमा भएको प्रदर्शनमा पक्राउ परेकामध्ये ५९ जनालाई प्रहरीको हिरासत राखिएको छभने रवीन्द्र मिश्र, धवलशम्शेर राणासहितका १९ जनाविरूद्ध राज्यविरूद्धको कसुरमा अनुसन्धान भइरहेको छ । उहाँहरू सहित अन्य कतिपयलाई संगठित अपराध कसुर र आपराधिक उपद्रवको आरोप लगाइएको छ । तर उपरोक्त नेताहरूले राज्यविरूद्धको कसुर कसरी गरे ? भन्ने तर्क कसैसँग पनि छैन । तीन कुनेमा उक्त बिध्वंश भएलगत्तै त्यस क्षेत्रमा करिव १२ घण्टा कर्फ्यु लगाउनुकासाथै सेनाको नेतृत्वमा दुबै प्रहरी संगठन परिचालन गरेर खानतलासीसमेत गरिएको थियो । तर सो खानतलासीबाट के तथ्य फेला पर्‍यो ? भन्नेबारे कुनैपनि सार्बजनिक जानकारी गराइएन । बरू सो घटनामा पूर्बराजा दोषि भएकोभन्दै एकातिर सरकारमा रहेकाहरूले अभिब्यक्ति दिएका थिएभने अर्कोतिर काठमाडौं महानगरपालिकाले पूर्ब राजालाई दण्डित गरेको भन्दै निर्मल निवासमा पत्रसमेत पठाएर घटनालाई रहस्यमय बनाउने काम गरेको थियो । जबकी सो कार्यक्रम पूर्बराजा ज्ञानेन्द्र र राजसंस्था पुनर्स्थापनाका लागि गठित जनआन्दोलन संयोजन समितिको आयोजना नभई दुर्गा प्रसाईको आयोजना थियो ।

एकजना टेलिभिजन पत्रकारसहित दुईजनाको ज्यान गएको भनिएको उक्त घटनामा सुरक्षाकर्मीसहित १०० भन्दा बढी घाइते भएका थिए । कम्तीमा २० जनालाई प्रहरीले चलाएको गोली लागेको पाइएको थियो । गोली लागेका केहीले आफू प्रदर्शनमा सहभागीसमेत नभएको दाबी गरेका छन् । त्यस क्षेत्रमा खासै राजनीतिक प्रदर्शन नभएपनि प्रदर्शनस्थल क्षेत्र वरपर आगजनी, तोडफोड र लुटपाटका घटनाहरू भएका थिए । गृह प्रशासनले उक्त क्षेत्रमा तीनदेखि चारहजार मानिसहरू सहभागी भएको आंकलन गरेको थियो । त्यसदिन भएका दुईवटा कार्यक्रमलाई लक्षितगरी पाँच हजार सुरक्षाकर्मी खटाइएको सरकारी अधिकारीहरूले नै स्वीकार गरेका थिए । जबकी तीनकुने क्षेत्रमामात्र त्यति संख्यामा सुरक्षाकर्मी परिचालन भएको प्रत्यक्षदर्शीहरूको भनाई थियो । प्रहरीले २० गतेको पत्रकार सम्मेलनमा १५ गते तीनकुने क्षेत्रमा ७४६ सेल अश्रु ग्यास प्रहार भएको, १९२ वटा हवाई फायर गरिएको र स्थिति नियन्त्रणमा लिन ६० वटा गोली (पेस्तोलको दुईवटा सहित) चलाइएको स्वीकार गरेको थियो । आन्दोलनकारीले ढुंगा, इँटा रड र पेट्रोल बमसमेत हान्न थालेकाले प्रहरी कारवाही भएको भनिएपनि त्यसदिन उक्त बस्तुहरू बरामद भएका थिएनन् । १५ गतेको घटनालगत्तै नेपाली काँग्रेसका सांसद डा.सुनिल शर्मालगायतले तीनकुने घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने बताउनुभएको थियो ।

गत २१ गते सिंहदरबारमा बसेको कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमासमेत उहाँले कार्यक्रम हुनुपूर्वनै सरकारकातर्फबाट अश्रुग्यास र हवाई फायर भएपछि आन्दोलनकारीहरू बिथोलिएको जिकिर गर्नुभएको थियो । उहाँले मञ्चमा कार्यक्रमगर्न नदिकनै आन्दोलन बिथोल्ने काम सरकारी पक्षबाट भएकाले सो दिनको घटना रहस्यमय रहेको बताउनु भएको थियो । लोकतन्त्रमा सबै किसिमका बिचार बोक्नेहरूले स्वतन्त्रतापूर्वक आफ्ना धारणा राख्न पाउनुपर्ने सांसदहरूकै माग थियो । ७४६ वटा अश्रुग्याँस पड्काउने, १९२ वटा छर्रा पड्काउने, ब्ल्याङ फायरगर्ने, ५८ पटक हवाई फायर गर्नेजस्ता घटना भएकाले पनि सोदिन सरकारी दमन पूर्बनियोजित र प्रायोजित रहेको धेरैले निष्कर्ष निकालेका छन् । त्यसैले बर्तमान सरकार सो घटनाको न्यायिक छानविनगर्न र दोषिमाथि कारवाहीगर्न बाध्य हुने देखिएको छ । त्यसमा आनाकानीगर्नुको कुनै गुञ्जायस छैन ।

# तिब्बती युवाहरू क्रसहेयरमा अनिवार्य भर्ती र परिणामहरू

चिनियाँ सेना, पिपुल्स लिबरेसन आर्मी (ऐीब) ले तिब्बतका युवाहरूका लागि अनिवार्य सैन्य सेवा सुरू गरेको छ । कारण दुई गुणा हुन सक्छ । पहिलो, तिनीहरूले युवाहरूलाई तिनीहरूको परम्परागत जीवन शैलीबाट अलग गरेर तिब्बती संस्कृतिलाई कमजोर बनाउने लक्ष्य राख्छन् ।

यसले तिब्बतीहरूलाई प्रमुख हान चिनियाँ संस्कृति (सिनिकाइजेशन) मा आत्मसात गर्ने चीनको लक्ष्यलाई अगाडि बढाउँछ । दोस्रो, पीएलए ले यी तिब्बती भर्तीहरूलाई भारतसँगको उच्च उचाइको सीमा क्षेत्रमा तैनाथ गर्ने आशा राखेको छ । यहाँ, नियमित चिनियाँ सैनिकहरू प्रायः उचाइको रोगसँग संघर्ष गर्छन्, जबकि तिब्बतीहरू, कठोर परिस्थितिहरूमा अभ्यस्त, यस्तो तैनातीका लागि उपयुक्त त्रहुनेछ ।

तिब्बतमा चिनियाँ सरकारले पिपुल्स लिबरेशन आर्मी (पीएलए) को निर्णय पछि, अब सबै विद्यार्थीहरूलाई ८औं कक्षाबाट सुरू हुने सैन्य प्रशिक्षणमा भाग लिन आवश्यक छ, जुन लगभग १३ वर्ष पुरानो हो ।

मिडिया रिपोर्टहरूका अनुसार यो नयाँ नियम अनिवार्य हुनेछ र पालना गर्न अस्वीकार गर्नु भनेको छात्रवृत्ति, उच्च शिक्षाको अवसर र अन्य अनिर्दिष्ट लाभहरूमा पहुँच गुमाउनु हो ।

सम्झौताको धारा ५ मा तिब्बती सेनालाई बिस्तारै चीनको राष्ट्रिय सेना पिपुल्स लिबरेशन आर्मी (पीएलए) मा समाहित गरिने उल्लेख छ ।

युवाहरूको लागि सैन्य विकास पाठ्यक्रम भनिने यस कार्यक्रमको उल्लेख गरिएको उद्देश्य युवा तिब्बती पुरूषहरूलाई सैन्य सीपको लागि प्रशिक्षण दिनु हो । त्यसपछि यी विद्यार्थीहरूलाई चीन र भारतबीचको विवादित सीमा रेखा अफ एक्चुअल कन्ट्रोल (ीब्क्ष्) मा तैनाथ गर्न सकिने सम्भावना छ ।

चिनियाँ सरकारले तिब्बतीलाई जनमुक्ति सेना (पीएलए) मा सक्रिय रूपमा भर्ती गरिरहेको छ । गत डिसेम्बरमा, खम्बा काउन्टीको पीएलए भर्ती कार्यालयले घोषणा गर्‍यो कि तिब्बतीहरूले सेनामा आशाजनक क्यारियर बनाउन सक्छन् ।

भर्तीलाई प्रोत्साहित गर्न, तिनीहरूले तिब्बती भर्तीहरूको लागि माथिल्लो उमेर सीमा २४ बाट २६ वर्षमा बढाए ।

थप रूपमा, केही तिब्बती काउन्टीहरूमा पीएलए भर्ती केन्द्रहरूले युवा पुरूषहरूको डेटा सङ्कलन गरिरहेका छन्, जसले चिनियाँ सरकारले सम्भावित तिब्बती आवेदकहरूको संख्यामा चासो राखेको सुझाव दिन्छ । चीनको जनमुक्ति सेना (पीएलए) ले दुई मुख्य कारणले तिब्बतीहरूलाई भर्ती गर्छ ।

पहिलो, अनिवार्य सैन्य सेवाले पीएलएलाई तिब्बतीहरूलाई "चिनियाँ मूल्यहरू' सिकाएर चीनसँग एकीकरण प्रवर्द्धन गर्न अनुमति दिन्छ । किनभने धेरै तिब्बतीले दशकौं चिनियाँ शासनको बावजुद परम्परालाई कायम राखे ।

दोस्रो, पीएलए उच्च उचाइमा राम्रो प्रदर्शन गर्न सक्ने सिपाहीहरू चाहन्छ ।

भारतसँग लद्दाख संघर्षको क्रममा, चीनको पूर्वी मैदानबाट धेरै पीएलए सैनिकहरू उचाइमा बिरामी परेका थिए । तिब्बती सैनिकहरू, उच्च उचाइको वातावरणमा अभ्यस्त, महत्त्वपूर्ण फाइदा हुनेछ । यसले पूर्वी चीनबाट चुनौतीपूर्ण जलवायु क्षेत्रमा सैनिक तैनाथ गर्ने आवश्यकतालाई पनि कम गर्नेछ ।

केही ऐतिहासिक सन्दर्भ यहाँ उपयोगी हुन सक्छ । सन् १९५० मा चाम्दोको युद्धमा तिब्बती सेनाको पराजय भयो र खाम प्रान्तका गभर्नर नगाबो नगावाङ जिग्मेले चिनियाँ जनमुक्ति सेना (पीएलए) समक्ष आत्मसमर्पण गरे ।

२ यो सैन्य धक्काले तिब्बतको स्थितिलाई कमजोर बनायो र माओ त्सेतुङको लागि दलाई लामाको सरकारलाई वार्तामा दबाब दिन बाटो खोल्यो । स्थितिसँग परिचित स्रोतहरूले, जो गुमनाम रहन चाहन्थे, गुप्तचरमा रिपोर्ट गरे कि कम्तिमा १०० तिब्बती युवाहरू प्रत्येकलाई भर्ती गरियो । यी वार्ताहरूले बेइजिङमा नगाबोले हस्ताक्षर गरेको १७-बुँदे सम्झौतामा परिणत भएको थियो । महत्त्वपूर्ण रूपमा, Ngabo त्यतिबेला युद्ध कैदी थियो, र सम्झौताले चीनको पक्षमा धेरै समर्थन गर्‍यो, PLA लाई यसको १७ लेख मध्ये पाँचमा प्रमुख रूपमा उल्लेख गरिएको थियो । सम्झौताको धारा ५ मा तिब्बती सेनालाई बिस्तारै चीनको राष्ट्रिय सेना पीएलए मा समाहित गरिने उल्लेख छ ।

यद्यपि, यस धाराको बावजुद, तिब्बती सेना सम्भवतः पीएलएको भाग बन्न सकेन । यो सम्भवतः "हान चाउविनिज्म' भनेर चिनिने मनोवृत्तिको कारणले भएको हो, जसले हान चिनियाँ जातिको श्रेष्ठतामा विश्वास जनाउँछ ।

यो पूर्वाग्रहले तनाव सिर्जना गरेको हुन सक्छ र तिब्बती सेनाको पूर्ण एकीकरणलाई रोकेको हुनसक्छ ।

1980 को एक अवर्गीकृत सीआइए रिपोर्टले किन पिपुल्स लिबरेशन आर्मी ले तिब्बतीहरूलाई पहिले भर्ती गरेन भनेर प्रकाश पार्छ ।

"तिब्बतमा चिनियाँ व्यवसायिक बलको तैनातीमा गोप्य अध्ययन' शीर्षकको र तिब्बती अनुसन्धानकर्ता ताशी चुटरले लेखेको प्रतिवेदनले सन् १९८० भन्दा पहिले तिब्बती भर्तीहरू छनौटको कारक सामाजिक वर्ग रहेको बताउँछ । धनी परिवारका छोराहरू, कुलीनहरू, किसान र चिनियाँ विरोधी विद्रोहमा संलग्न भएका आफन्तलाई पूर्ण रूपमा बहिष्कृत गरियो । क्रमस.

## मुक्तक लेख्ने प्रयासहरू – देख्नुपर्छ सपना पनि मुस्किलले यहाँ



अनुभव भन्छन्नी त्यो बुढा जस्तो केटा हुँदैन
शीरमै बस्छ तर टोपी जस्तो फेटा हुँदैन
क्षितिजपारी सम्मको परिक्रमा गर्छ एकलै
उड्छ सँधै त्यो तर मन जस्तो पखेटा हुँदैन ।

**- उदय लामा, सिक्किम**



वसन्त आयो महकिन थाल्यो सुवास चौतर्फ
भवरा खुशी भै घुम्न थाल्यो मस्तभै चौतर्फ
सुबासै सुबासले महकियो सारा बगैंचा
मानव मन पनि घुम्न थाल्यो खुशीले चौतर्फ ।

**- गंगा लिगल**

### हाम्रो जुनी



**इन्द्रकुमार श्रेष्ठ**

मनपरी गर्न नपाउँदा त
खै ! कस्तो कस्तो लाग्छ
यहाँ सबै खराब छन्
हामी मात्र असल जस्तो लाग्छ
पत्रिकाले लेख्दै गर्छन्- कसैले लेखेर केही हुँदैन
हामी सधैं नाङ्गै हौं- कसैले देखेर केही हुँदैन
विरोध गर्नेले गर्दै गर्छन्- त्यसले केही पनि छुँदैन
हाम्रो मनै यस्तो छ-कसैको दुःखमा पनि रूँदैन
कोही कराऊन्/रिसाऊन्-
त्यसको बाल मतलब भएन
हामी किन झुक्नुपर्‍यो !
हामीभन्दा ठूलो यहाँ कोही छैन
तैपनि कसैको हिम्मत देख्दा
आठौं आश्चर्य जस्तो लाग्छ
फेरि सम्झन्छौं
“हामी नै महँगा बाँकी त सबै सस्तो लाग्छ”
अरू सुध्रिऊन् हामी सुध्रन्नौं,
यसरी नै हाम्रो जुनी गयो
अर्को जुनी पाए सोचौंला,यो जुनी त यस्तै भयो ।



ध्वनी यन्त्र बारम्बार उठाएँ घण्टी बजेन
उनको नम्बरमा कल लगाएँ घण्टी बजेन
चोट त केही दिएकी होइन मैले फेरि पनि
ढोकाको स्वीचमा त झन् हतौडा ठटाएँ घण्टी बजेन ।

**- पौडेल बिमुन्स**



घरि हुरि आउँछ घरि पानी आउँछ
देखेका जिन्दगीका सफरहरू बगाउँछ
देख्नु पर्छ सपना पनि मुस्किलले यहाँ
देखेका सपनाले ओठमा हाँसो ल्याउँछ ।

**- देवकी ढुंगाना**



पर्छ अन्याय भोग्न न्याय मरेको मेरो देशमा
भ्रष्टाचार र कालो कर्तुत भएको मेरो देशमा
उखाने र टुक्काले बास गरेको ठाउँ भयो
सतीको आँसु र सराप परेको मेरो देशमा ।

**- अर्जुन अधिकारी**



अपराधले समाजलाई ग्रस्त पारेको बेला
सत्यता दिन दिनै असत्यसँग हारेको बेला
मानवताको मल्हम लगाइदेउ हे भगवान
मेरो देशलाई हिँसाले थला पारेको बेला ।

**- अचल पोखेल, सिक्किम**



एकछाक छोड्नु मृत्युको खवर सुन्दा
सम्बन्ध तोड्नु मृत्युको खवर सुन्दा
नझार्नु अश्रुधारा ती याँदहरू सम्झिएर
दुख्ला मनबाटै मोड्नु मृत्युको खवर सुन्दा ।

**- विद्या भण्डारी**



जिो जस्तो छ बरै त्यसैमा रमाउन देउ
चड्न खोज्दैछ कोहि हात समाउन देउ
के लानु छ र कहाँ नतान खुट्टा कसैका
कमाउछ भने उ इतिहास कमाउन देउ ।

**- गंगा दहाल**

## कथादिवसमा रत्न कोजु र डा. राजेन्द्र विमललाई सम्मान



साहित्यिक पत्रकार संघले ४४औं कथादिवस मनाएको छ । कथादिवसको अवसरमा रत्न कोजुलाई मैनाली कथा सम्मान र डा. राजेन्द्र विमललाई भानु तुलसी सम्मान प्रदान गरेको छ ।

गत चैत १९, काठमाडौं । साहित्यिक पत्रकार संघले ४४ औं कथा दिवस विभिन्न साहित्यकारहरूलाई निम्त्याएर भव्य कार्यक्रम सम्पन्न गरेको हो । यो अवसरमा “मैनाली कथा सम्मान-२०८१’ समर्पण गर्नुका साथै लघुकथा वाचन कार्यक्रमको आयोजना समेत गरेको थियो । संघका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ कथाकार डा. राजेन्द्र विमलले ३० को दशकका सशक्त कथाकार मानिएका रत्न कोजुलाई उपरोक्त सम्मान प्रदान गर्नुभएको थियो ।

सोही अवसरमा अध्यक्ष राधेश्याम लेकालीले कथाकार डा. राजेन्द्र विमललाई “भानु-तुलसीदास सम्मान’ अर्पण गर्नुभएको थियो । उहाँलाई २०७९ वैशाख १६ गते काठमाडौंमा आयोजित नेपाल-भारत साहित्य महोत्सवमा सो सम्मान घोषणा गरिएको थियो । त्यसबेला उहाँ कार्यक्रममा उपस्थित हुन सक्नुभएको थिएन ।

कार्यक्रममा प्रमुख अतिथि डा. विमलले सङ्कटको अवस्थामा रहेको देशलाई त्यसबाट मुक्त गर्ने अभिभारा नयाँ पुस्ताका वाङमयका सर्जकहरूमा भएको बताउनुभयो । कथाकार ध्रुव मधिकर्मीले कथाकार कोजूको प्रशंसनीय योगदानको चर्चासँगै उनीसँगका भएका र हुनसक्ने सहकार्यबारे उल्लेख गर्नुभयो । चयन समितिका संयोजक वरिष्ठ समालोचक प्रमोद प्रधानले कोजूका कथाहरूमा उनी जन्मेको ठाउँका मानिसका दुखपीडा, संस्कृति र जीवनशैली उद्घाटित हुने बताउनुभयो ।

कार्यक्रममा साहित्यकार श्रीओम श्रेष्ठ “रोदन’ले राजेन्द्र विमलको शालीनता र विद्वताको चर्चा गर्नुभयो । कार्यक्रममा संघका पूर्व अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ र कोषाध्यक्ष पद्मावती सिंहले बोल्नुका साथै कार्यसमिति सदस्य डा. दामोदर पुडासैनीले सहजीकरण गर्नुभएको थियो । सो अवसरमा कथाकारहरू लता के. सी., शान्ता तिम्सिना, इन्दिरा चापागाईं, सत्या अधिकारी, अन्जु थपलिया, मिसु श्रेष्ठ, मन्दिरा मधुश्री र ललिता दोषीले आ-आफ्ना लघुकथा वाचन गर्नुभएको थियो ।


साहित्यिक पत्रकार संघले हरेक हप्ता केही न केही साहित्यिक कार्यक्रम गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ । यस्तै सकृयताले वाङ्मय सिर्जनशीलता क्षेत्रको विकास हुने विषयमा संशय छैन । तर हरेक कार्यक्रममा अधिकांश उनै अनुहार उपस्थित भइरहनुले तिनले अध्ययन र लेखनचाहिं कहिले गर्ने रहेछन् भन्ने प्रश्न गर्न सकिन्छ ।





*सुरेशराज शर्मा गानको सार्वजनकीकरणका अवसरमा गायनका लागि योजना खड्गी र बाद्य तथा ध्वनिका लागि बालकृष्ण सेवाचार्यलाई आभारपत्र प्रदान गरिएको छ । चैत २३ गते* ***शब्दयात्रा प्रकाशन****को कार्यक्रममा योजना खड्गीलाई आध्यात्मिक प्रवाचिका तथा पूर्वमन्त्री डा. कान्ता भट्टराईले र बालकृष्ण सेवाचार्यलाई अनुसन्धाता डा. दुर्गाबहादुर घर्तीले आभारपत्र प्रदान गर्नुभएको थियो । गानको सार्वजनिकीकरण प्राज्ञ बेटी बज्राचार्यले गर्नुभएको थियो । त्यो गान ‘अक्षरधाम’ यु-ट्युब च्यानलबाट सुन्न सकिनेछ ।*

## पैसाको उडान



*अरूणबहादुर खत्री*

रवीन्द्र समीरको पैसाको उडान नामक उपन्यास २०८० सालमा प्रकाशित भएर पाठकमाझ आएको छ । उपन्यासलाई पचपन्न भागमा विभाजन गरिएको छ । यस उपन्यासको भाग एकमा कुबेरको स्मृतिपटलमा एउटा रेष्टुरेन्ट टुप्लुक्क झुल्किन्छ । जहाँ ऊ आफ्नो भोक मेट्दै थियो । तर उसको मनमा बेग्लै भोकको आगो उठेको थियो भनेर लेखिएको छ । भाग दुईमा कुबेरलाई खानाको रूचि पटक्कै थिएन । अर्को बिहान सधैंझै ऊ बाल्यकालमा खाजा रूच्ने घरछेवैको चिया मालपुवा पसलमा पुग्यो । होटलको भित्तोमा लेखिएको थियो पैसाले खानेकुरा किन्न सकिन्छ भोक किन्न सकिदैन । उसलाई यो वाक्यमा पटक्कै विश्वास लागेन भनेर उपन्यासकारले लेखेका छन् ।

यस भाग पाँचमा पैसाले घडी किन्न सकिन्छ तर समय किन्न सकिँदैन पोस्टरको यो लाइनले कुबेरलाई मनको गहिराइमै ठुगिरहेको हुन्छ । घडीका तीनवटै सुई एकै ठाउँमा भएका बेला उसले समय किन्ने निधो गर्छ । भाग दशमा कुबेरको पूर्व प्रेमिकाले पैसाले सौन्दर्य प्रसाधन किन्न सकिन्छ तर रूप किन्न सकिदैन भनेर व्यंग्य गर्छिन् । भाग पन्ध्रमा कुबेरलाई आफन्त किन्ने तृष्णा थप जागृत भयो । कुबेरले उनीहरूको कुण्ठा, ईर्ष्या, पक्षपात, भौतिक सामग्रीको आशक्ति तथा आर्थिक सहयोगको अपेक्षा बुझेको हुन्छ । उसले सम्पूर्ण आफन्तको सपनाको नाडी छाम्छ ।



भाग एक्काइसमा जीवनमा कुबेरले सुन त कति किन्यो, किन्यो । यसपटक उसलाई कानून किन्ने रहर जागृत भयो भनेर उपन्यासकार रवीन्द्रले लेखेका छन् । भाग तेइसमा पैसाले मनोरञ्जन किन्न सकिन्छ तर चरित्र किन्न सकिदैन, कुबेरले यो भनाइ सानो उमेरमै सुनेको थियो लेखिएको छ ।

उपन्यासकार रवीन्द्रको लेखनक्षेत्रमा नेपाली साहित्यको माझमा यो उपन्यास पाठकहरूले पढ्न रूचाउनेछन् । भाग पच्चिसमा कुबेरले आधुनिक भट्टी अर्थात् रेस्टुरेन्टमा सिंगल माल्ट ह्विस्कीको चुस्की लगाउँदै थियो । यत्तिकैमा एउटा साधुजस्तो देखिने मान्छे रेस्टुरेन्टभित्र पसेर सस्तो रक्सी माग्छ ।

यस उपन्यासको भाग सत्ताइसमा कुबेर यौनमुख किन्नको लागि विदेशको रेड लाइट एरियामा घुम्दै थियो । उसको साथी सुदामाले भन्यो यस्तो संवेदनशील विषयमा चर्चा गर्दा समझदारी, सम्मान र संवेदनशीलताको आवश्यकता हुन्छ भनेर उपन्यासकारले लेखेका छन् । उपन्यासको भाग एकतिसमा पैसाले सियो धागो किन्न सकिन्छ तर टुटेको सम्बन्ध किन्न सकिँदैन । सम्बन्धको बजारमा यो वाक्यको ध्वनी कुबेरको कानमा ठोक्किन आउछ ।

यस उपन्यासको भाग छत्तिसमा पैसाले समस्याहरूको समाधान किन्न सक्छ, तर आत्मविश्वास किन्न सकिँदैन । कुबेरले प्रवचनमा सुनेको पंक्ति थियो यो भनेर लेखिएको छ । भाग चवालिसमा संसारमा सबैभन्दा धेरै हाम्रो धर्म मान्ने मान्छे छन् प्रभुको आशिर्वादले रोगमुक्त तथा अभावमुक्त बन्नुहोस् । तपाईले हाम्रो धर्म किन्नुपर्दैन । हामीले तपाईलाई किन्नेछौ सुट-टाई लगाएको व्यक्तिले कुबेरलाई किनौलाझैं गरेको हुन्छ ।


अन्तिम भाग पचपन्नमा पैसाले सबैकुरा किन्न सकिन्छ तर बाबुआमा किन्न सकिँदैन । कुबेरलाई बालखैमा गुरूले सिकाएका थियो यो वाणी । उसले गाडीभरि पैसा बोकेर बाबुआमा किन्न बजार पस्यो तर उसले बाबुआमा किन्न सक्दैन भनिएको छ । यस उपन्यासमा रवीन्द्रले पैसाका विविध आयाम उजागर गरेका छन् । पैसाको तृष्णाले काकाकुल नेताको कथनलाई उनले अवास्तविक वास्तविकता सिद्धान्तअनुरूप बुनेका छन् । मृत्युको आयु, कोरोनातन्त्र तथा पैसाको उडान तिनवटा उपन्यास उनले निकालेका छन् ।

समग्रमा यो उपन्यास राम्रै छ । सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाटी अठ्याएपछि अन्त्यसम्म पनि घाटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । यो विशेषता थोरै मात्र साहित्यकारमा पाइन्छ । प्रायः साहित्यकारहरूले कथा वस्तुलाई घुमाएर वा सान्दर्भिक भन्दा भिन्न कुरा लेखेर पुस्तकको पृष्ठ बढाउनमा केन्द्रित भएका हुन्छन् । उपन्यासका शब्दहरू सरल, सहज र अत्यन्त व्यवहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । उपन्यासका सकारात्मक पात्रहरू जो उपन्यासमा समेटिएका छन् ती शुरूदेखि अन्तसम्म कौतुहलता जन्माउन सफल मात्र नभएर एउटा पात्रले अर्को पात्र सामु सानो भएकाले मर्यादाका सुकुमार शब्दहरू पस्केर आदरपूर्वक सम्मान दर्शाउनु अर्को सफल पक्ष मान्न सकिन्छ । भाषा सरल र स्पष्टता रोचक शैलीले यो उपन्यास निकै राम्रो मान्नैपर्छ ।

यसका पात्रहरू सबै नेपाली जनजीवनका वास्तविक पात्रहरूका रूपमा उभिन सफल भएका छन् । आधुनिक नेपाली उपन्यासको आरम्भ नै रूद्रराज पाण्डेको रूपमती उपन्यासबाट भएको हो । रूपमतीले अघि सारेको आदर्शउन्मुख यथार्थवादी औपन्यासिक चिन्तन-धारालाई पैसाको उडानले प्रष्टसंग पछ्याएको अनुभूत हुन्छ । अन्त्यमा उपन्यासकार रवीन्द्र समीरको कलमले नेपाली समाजका अन्य अँध्यारा पक्षको अनुशीलन गर्दै नयाँ कृतिहरू जन्मन सकोस् भन्ने अपेक्षा राख्दछु ।

लेखकः रवीन्द्र समीर, कृतिः पैसाको उडान, प्रकाशकः शिखा बुक्स
संस्करणः पहिलो, २०८०, मूल्यः रू.३२५।-, पृष्ठः १३०

## आउँदैछ फिर्दोसको साँचो कथासङ्ग्रह




साहित्यकार राजबाबु श्रेष्ठ सागरकृत कथासङ्ग्रह फिर्दोसको साँचो विमोचन समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

वक्ता
प्रा. डा. रामप्रसाद ज्ञवाली, डा. अर्चना थापा, अनुपमा रेग्मी

२०८२ वैशाख ५ गते शुक्रबार, दिउँसो ३ बजे
नेपाल प्रज्ञा-प्रतिष्ठान, पारिजात कक्ष

आयोजक INDIGO INK




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४

E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# न्यायिक छानबिन हुनैपर्छ

फागुन २५ गते एयरपोर्टदेखि महाराजगञ्जसम्म अपार भीडले राजाको स्वागत गरेको थियो, भीड अनुशासित थियो, कुनै दुर्घटना हुनपाएन । तर चैत १५ गते तीनकुनेमा भएको जनप्रदर्शनमा मञ्चमै टियर ग्यास हानेपछि जुलुस अनियन्त्रित हुनपुग्यो, आगजनीका घटना भए, लुटपाट भयो, पत्रकार सुरेश रजक र सविन महर्जनको मृत्यु भयो । थुप्रै घाइते भए । सैनिक परिचालन हुनपुग्यो ।

नागरिक आक्रोसित पार्ने काम राज्यबाट भएको देखिन्छ । यसकारण आमनागरिक, राप्रपादेखि बुद्धिजीवीसम्मले मानवाधिकार आयोगमा उजुरी गरेका छन्, सार्वजनिक रूपमा न्यायिक आयोग गठनको माग गरिरहेका छन् । सरकार र सरकारपक्षका सांसदसमेत आयोग गठन गर्नुहुन्न भनिरहेका छन् । न्यायिक आयोगबाट राज्यपक्ष तर्सनुको कारणले पनि दालमे कुछ काला है भन्ने आशंका जन्माउँछ । होइन भने न्यायिक आयोगले छानबिन गर्दा दुई युवा किन मारिए, राज्यले म्याद नाघेको टियर ग्यास किन हान्यो, सरकारकै शब्दमा ४ हजारको भीड थियो भने सुरक्षा निकायले ४ हजारलाई नियन्त्रण गर्न नसकेर सेना बोलाएको हो त ? त्यो भीडलाई आक्रोसित पार्ने कार्य राज्यशक्तिले गऱ्यो कि कसले ? राज्यले प्रदर्शन गर्ने ठाउँ तोक्ने अनि त्यही स्थानमा राज्यले आतंक फैलाएको आरोपको दूधपानी पनि त छुट्टिनेछ । यसकारण न्यायिक आयोगको माग सर्वथा न्यायोचित छ । मानवाधिकार आयोग ढिलै भए पनि ब्यूँझिएको छ, उसले पनि आफ्नो कर्तव्यको पालना गर्न जरूरी देखिन्छ ।

संविधान संशोधनका कुरा उठेका छन् । देशमा राजाको आवश्यकता र गणतन्त्रको असफलताका विषयमा बहस तीव्र बनेका छन् । शान्ति र सुव्यवस्था कायम गर्ने हो भने सबै राजनीतिक शक्ति अटाउने, राजनीतिक मुद्दाको निदान निस्कनेगरी संविधान संशोधन गर्न जरूरी देखियो । १७ वर्षको गणतन्त्रले देशमा सुव्यवस्था, सुशासन, सुसंस्कृतिको स्थापना गर्न नसकेकै हो । नेतृत्व र यिनले हाँकेको पद्धति फेल भएकै हो । राष्ट्र असफल हुनु पूर्व नै राष्ट्रिय बहस चलाएर सबै अटाउने गरी संविधान संशोधन गर्नुको बिकल्प छैन । होइन भने फेरि फेरि पनि जनप्रदर्शन बढ्दै जानेछ, राज्यले सेना परिचालन गर्नैपर्ने अवस्था सिर्जना हुनेछ र देशमा शान्ति, समृद्धि होइन, अराजकता बढ्दै जाने पक्का छ । स्थिति यतिसम्म बिग्रिसकेको छ कि गणतन्त्रवादी हुँ भन्ने कुनै पनि नेता जनताका सामु उभिन सक्ने अवस्था छैन । नेता देख्यो कि भ्रष्ट आयो, चोर आयो भन्न थालिसकेका छन् । यस्तो अविश्वासको स्थितिलाई कायम राख्दा देश अघि बढ्न सक्दैन । यस्तो अवस्थाबाट जनता र नेतृत्ववीच विश्वासको वातावरण विकास गर्न र सबै राजनीतिक शक्तिको सहमति र सहकार्यबाट नेपालमा प्रजातान्त्रिक वातावरणको सुरूआत गर्न सकिन्छ । बेलैमा अहंकारवादी बनेका नेताहरूको घैंटोमा घाम लाग्नु उचित देखिन्छ ।

जनता राष्ट्र हुन् । जनताले अपनाउने, अपनत्व ग्रहण गर्ने पद्धति राष्ट्रिय पद्धति हुनसक्छ । थोपरिएको र जनताले अविश्वास गर्ने पद्धति राष्ट्रिय हुनसक्दैन । आफ्ना कार्यकर्ताको आरतीभजन सुनेर नेताहरूले गणतन्त्रको बिकल्प छैन भन्नु अनुचित हो । नेताहरूको गलत आचरण, भ्रष्ट चरित्र, नीति र सिद्धान्तमा अडिग हुन नसक्नु, अवसरवादी बन्नु, भ्रष्टाचार र अपराधीलाई काखी च्याप्नु, योग्यताको कदर नगर्नुको परिणतिले १७ वर्ष खेर गयो । अब जनताप्रति जिम्मेवार हुने गरी संविधान संशोधन गर्न सकियो भने देशले अभिभावक पनि पाउने, जनताका आशा, अपेक्षा पूरा हुने र नेताहरूले गरेका प्रतिवद्धता पूरा नभए जनताले खरी घस्नसक्नेछन् । कतिपयले कार्यकारी पद्धतिमा जाने बहस छेडेका छन् । असली कुरो संविधान फेल भयो, जनतामा असन्तुष्टि बढ्यो, देश अराजक भयो । जनताको समर्थन भएकाले राजा पनि राजनीतिक शक्ति हुन् । राजालाई माइनस गर्दा र नेतृत्व इमानदार नबन्दा १७ वर्ष खेर गयो । समयले दिएको पाठबाट सबक लिएर राजशक्ति पनि अटाउने र रानजीतिक पार्टीहरूले नै नीति निर्माण गरेर शासन गर्ने पद्धतिका लागि राष्ट्रिय बहसका साथ संविधान संशोधनलाई किनारा लगाउनु अतिजरूरी छ ।

# लोकनेता : लोकतन्त्रका नायक कि खलनायक ?




जो अगुवा उही बाटो ..., भएपछि हुने फोहर नै हो, फैलिने दुर्गन्ध नै हो । लोकतन्त्रमा लोकनेता नै खलनायक बन्नाले लोक आक्रोसित भएका छन् ।

कुनै पनि पद्धति आए पनि पद्धति सञ्चालकको सोच स्वच्छ भएन, स्वार्थलाई महत्वदिए भने त्यो पद्धति बदनाम हुनेरहेछ । यही कुरा लोकतन्त्रमा देखियो । लोकतन्त्र देखाउने टीनको पाताको साइनबोर्डमा सिमित भयो, लोकनेताहरू लुटतन्त्रमा रमाइरहेका छन् ।

खासगरी नेपाली कांग्रेस, एमाले र एमाओवादी ३ पार्टीको मनलाग्दी चलिरहेको छ । लोकतन्त्र नेतातन्त्र बन्यो ।

हेर्दा र सुन्दा नेता र पार्टीहरूमा ठूलै मतभेद, मनभेद देखिन्छ । एकले अर्कोलाई खुइल्याउने सम्मको चरित्र देखाउँछन् तर कमिशन खाने, सत्ता र शक्तिका विषयमा भने यी नेताहरू मिल्छन्, भाग शान्ति जयनेपाल गर्छन् ।

यसकारण त गिरिबन्धु टी स्टेट काण्ड, ललिता निवास काण्ड, एनसेल काण्ड, वाइडबडी काण्ड, कर मिनाह काण्ड, सुन काण्ड, रक्तचन्दनकाण्ड लगायतका ठूला ठूला जघन्य काण्डहरूमा कुनै नेतामाथि कारवाही नै भएन । ठूला नेता, तिनका छोरा, श्रीमती काण्डमा मुछिएका छन् । ठूला नेता तैं चूप, मै चूप गरेर काण्ड छोपिरहेका छन् । यिनलाई सिद्धान्त, पार्टीको नीति, नैतिकता र लोकलज्जाको ख्याल रहने गरेको देखिदैन । शिवरात्रिका नङ्गा जोगी झैं सत्ता र शक्ति, सम्पत्तिका लागि यी नेताहरू नङ्गा नाचे हजार दाउ गर्छन् । यिनलाई चरित्र र जवाफदेहीताको ख्याल पनि छैन । यसकारण लोकतन्त्र गनाउन थाल्यो, नेतृत्व जन नजरमा घृणाका पात्र छन्, यिनले लोकसम्मान गुमाइसके ।

किन नेतृत्व लोकतान्त्रिक मर्यादा, महिमा त्यागेर स्वेच्छाचारी भए ? नेतृत्व भाङ खाएजसरी भ्रष्टाचारमा लठ्ठिएको छ । नागरिक निराश छन् । संचेतनबर्ग र बुद्धिजीवी, नागरिक समाज पटक्कै मुख खोल्दैन । राजनीतिक क्षेत्रले यो प्रश्नमा गम्भीर भएर सोच्दैन । किनकि राजनीति अपराधमा मिसिन पुगेको छ, राजनीतिजस्तो छैन । राजनीति सेवा हो कि व्यवसाय ? राजनीति सबै नीतिहरूमा श्रेष्ठ हो कि निकृष्ठ ? यही छेउछन्द नभेट्टाउँदा नेपालको राजनीति र राजनीतिले हाँकेको शासन प्रशासन हाम्रो हो भनेर जनताले आश्वस्त र विश्वस्त हुन नसक्नुको मुख्य कारण बनेको छ । राजनीति सफल हुन नसकेपछि देश असफल हुनेरहेछ । देश असफलताको कृष्णभीरमा पुगिसक्यो ।

हिजो राजतन्त्र थियो, राजतन्त्र भएकैले सबै बिग्रियो नास्सियो भनेर दोष लगाइयो । राजतन्त्र किनारा लागेपछिका १७ वर्षमा देश झन बिग्रियो, लथालिङ्ग भयो, यिनै नेताहरूको अकर्मण्यताका कारणले । जिम्मेवारी लिन कोही तैयार देखिदैनन्, अचम्म छ ।

राजतन्त्र, हिन्दुराष्ट्र थियो, राजनीतिक बल प्रयोग गरेर महिमा मण्डन गरियो, यसलाई पनि किनारा लगाएर धर्मनिरपेक्षता ल्याइयो । राजनीतिको चक्रव्यूहमा फसेको राजतन्त्र र हिन्दुधर्म १७ वर्षदेखि चूपचाप मृतमय बनेका छन् । जनताले यी नेताहरूको आलोचना गर्न सडकमा के निस्किएका थिए, राजतन्त्रले टाउको उठायो भनेर राजतन्त्रविरूद्ध नेतातन्त्र खनिन पुगेको छ । किन जनताले राजा आउ देश बचाउ भने भन्ने कारण खोज्न नेतृत्वपंक्ति तैयार छैन । नेपाल अब स्वर्ग बन्छ, बनाइन्छ भन्ने तारणहारहरू यिनै हुन् । १७ वर्षमो स्वर्ग त परको कुरा, नेपाल नेपालजस्तो रहेन । नेपालको शान्ति, दुःखसुखको जीवनयापन समेत भत्किएको छ । भत्किदैजाँदा राष्ट्र अस्तित्वको संकटमा फस्न पुगेको छ ।

राष्ट्रिय राजनीतिक मुद्दाहरू र समस्या संकट बनिसक्यो । मुक्ति दिने कसले ? जो युवा छन्, विवेकशील छन्, बोल्न सक्दैनन् । जो नेतृत्वमा छन्, उनीहरू आफ्नै अस्तित्व र बाहुबली स्थापित गर्ने धूनमा छन् । एकले अर्कोलाई देखिसहदैनन्, देशका लागि एकता पनि गर्न सक्दैनन् । देश दुर्भाग्य भोगिरहेको छ । नेतृत्व असफल नीतिमा मोहित भइरहेको छ । जब कि नेताहरूको रणनीति न जनताका लागि हो, न देशका लागि । नेतृत्व कहिले जनताको प्रशंसापात्र बन्न सकेनन् । राजनीति अराजक छ, कूटनीतिले सन्तुलन गुमायो, स्थापित मान्यता र मान सिध्यायो । नेपाललाई अमेरिकालेसमेत ठग भनिसक्यो । अन्य मुलुकले त नेपाल भ्रष्टाचारी र दण्डहीन मुलुक भनिरहेका छन् । केही मित्र छन्, उनीहरू पनि नेपाल सुनको कचौरा लिएर मगन्ते बनेकोमा आश्चर्य प्रकट गरिरहेका छन् ।

अर्थात्, नेतृत्व निम्छरो भयो ।

एकजना त त्यागी, नैतिकवान, सिद्धान्तनिष्ट, साहसी देखिनुपर्छ । त्यस्तो नेता नदेखिनु लोकतन्त्र कङ्गाल भएको अर्थमा हेर्न सकिन्छ ।

०६३ सालको परिवर्तनपछि ठूला ठूला परिवर्तन भए तर जनताका नजरमा हरेक पार्टीका नेताहरू उही कानै चिरिएका जोगीमात्र प्रमाणित भए । यिनको बिकल्प जनताले खोजेका हुन् । जनताको आशा, अपेक्षा र विश्वासको सम्मान गर्ने नेता जनताको चासो हो । जनताले अभिभावक चाहिनेरहेछ भन्ने अनुभूति गरेका हुन् । तर विकल्प छैन । विकल्प बन्ने को ? दिने कसले ? यसैको प्रतिध्वनी हो- राजा आउ देश बचाउ ।

देशमा हिजो भक्ति थापाजस्ता वीर थिए । पुर्खाले रगत पसिना र बलिदान दिएर देश निर्माण गरे, हामीले यो गौरवलाई बचाउनु पर्छ, आउने पुस्तालाई सग्लो देश दिनुपर्छ, यस्तो हेक्का राख्न सकेको भए देश यसरी बर्बादी र लथालिङ्ग हुने थिएन । यिनले पुस्तान्तरण गर्ने भनेको अनैतिकतामात्र हो, देश असफल राष्ट्र घोषणा हुनमात्र बाँकी छ, यसकारण नेतृत्वमा कसैले त कम्मर कस्नैपर्छ, अघि सर्नैपर्छ । लोकतन्त्रले ठूला ठूला सपना देखायो, एउटा पनि सपना पूरा भएनन् । नेताहरूले भ्रम छरे, जनतालाई भ्रमित पारे, अझै भ्रमित पार्दैछन् ।

लोकतन्त्र बदनाम भयो । नेतामा इमान नभएकाले त्यसको महगो मूल्य देश र जनताले चुकाउनु परेको हो ।

विधिको शासन कसरी स्थापित

राजनीतिक मुद्दाहरूको किनारा लगाएर बिधिको शासन स्थापित गर्दै शान्ति, समृद्धि र सुशासन कसरी हुनसक्छ ? यो विषयमा राष्ट्रियस्तरमा बहस गर्न अबेर भइसकेको छ ।

ल्हासा जाने कुतीको बाटो भने झैं, ठूला दल र पार्टीहरू बहस गर्न र निकास निकाल्नुभन्दा अहंकार, प्रतिषोध, विभेद र निषेधको ठूला ठूला कुरा गरिरहेका छन् । जसले समस्याको समाधान होइन, स्थिति झिकी दे गाँड भन्दा थपिदे गाँड भएको छ ।

बहस नेताको भाषणमा होइन, समयले उभ्याएको प्रश्नमा हुनुपर्छ । ध्यान सबैले दिनैपर्छ । अन्यथा यो अँध्यारो रात फारिन सक्दैन । नेपाल भ्रष्टाचार र हिंसाको पोखरीमा परिणत भइसक्यो । गम्भीर मोडमा छ मुलुक । लोकराज्य हिंसा राज्य भनेर चिनिने भएको छ । अहिले नै ट्रान्सपरेन्सी इन्टरनेशनलले भ्रष्टाचारी मुलुकको प्रमाण दिइसक्यो, विश्व अर्थजगतमा नेपाल ग्रे सूचीमा परिसक्यो । जसका कारण विश्वमा नेपालको विश्वसनीयतामा ह्रास बढेर जाँदो छ । हामी भ्रष्टाचार र कुशासनको अँध्यारोमा डुब्ने जोखिम बढेको छ ।

सबैलाई स्पष्ट छ अगुवा नेताहरूको जता पनि स्वार्थपूर्ति गर्ने झेल कारणले लोकतन्त्र फेल भयो । पद्धति, प्रणालीमात्र फेल भएको भए हुनुथियो, देश नै फेल अवस्थामा पुग्यो र पो कहाली लाग्न थालेको छ । देशलाई सम्हाल्ने, नेतृत्व दिने सक्षम नेतृत्व देखिएन । जुन पार्टी वा नेता सत्तामा पुग्छन्, उनीहरू आफ्नो परिवार, अन्धभक्त मात्र हेर्छन् । भनिन्छ, सक्षम नेतृत्वले नित्य अनुशासनको प्रयोग गर्नुपर्दछ, क्षमताको कदर गर्नुपर्छ । नियमको साथमा अनुशासनलाई सधैं पालना गर्नुपर्छ । हाम्रो राजनीति, प्रशासनमा न नियमप्रति समर्थन देखिन्छ न अनुशासन नै छ । व्यवस्था फेरियो अवस्था फेरिएन । लोकतन्त्र टोटल्ली असफल भइसक्यो । संविधान कागजको खोस्टो बन्यो । शासन प्रशासन निरन्तर अराजकताको सिकार बन्नपुग्यो ।

हाम्रो राजनीतिले पालना गर्न नसकेको विषय भनेको नीति, नैतिकता, इमान, सहनशीलता र दूरदर्शिता हो । शासन प्रशासनको अन्धकार यही हो ।

जसरी बहुदल भ्रष्टाचारले कालरात्रि बन्नपुगेको थियो, लोकतन्त्रको १७ वर्ष भ्रष्टाचार र अनीतिमात्र हो । भ्रष्टाचार गर्ने, चुनाव जित्ने, अपराधिकरण गरेर लाभ लिने, सत्ता र शक्ति आर्जन गर्ने, यही हो लोकतन्त्र । यस्तो लोकतन्त्रप्रति जनताको नैराश्यकता बढेको हो, आक्रोश उर्लेको हो ।

कुनै पार्टीले पनि चुनावपछि घोषणापत्र, प्रतिवद्धता सम्झेनन् । जसका कारण चुनावपछि कुनै उपलब्धि हुनसकेन । उद्योगधन्दा बन्द हुँदै गए, रोजगारी खोसिदै गयो । युवाहरू देशमा गरिखान नपाएर वैदेशिक रोजगारीमा दौडिन थाले । देशको अर्थतन्त्र, राजनीति, शासन र प्रशासनको मेरूदण्ड रेमिटान्स बन्नपुग्यो । विश्वलाई थाहा छ, युद्धमा होस् कि निर्माणमा, जुनसुकै काममा होस, नेपाल युवा किन्न पाइने हाटबजार बन्नपुगेको छ ।

१७ वर्षे लोकतन्त्रलाई लागेको सुकेनास रोग यही हो । लोकतन्त्र मृत्युशैयामा पुगेको छ । लोकतन्त्रजस्तो विश्व खुश राख्नसक्ने व्यवस्था पाएर पनि नेपालमा लोकतन्त्र नामधारी भ्रष्ट, मुर्ख, निरंकूशहरूको अड्डा बन्नपुग्यो । हाम्रा नेताहरूले बुझ्ने कहिले- नैतिकता नै धर्म हो, धर्म नै नैतिकता । नैतिकता छैन भने धर्म पनि छैन । त्यसैले नैतिकता नै धर्मको सार रूप हो । नेपाली राजनीतिमा खड्केको विषय नै यही हो । राजनीति सग्लो र स्वच्छ बनाउन छाडेर नेतृत्वले राजनीतिलाई व्यवसाय बनाइदिए । राजनीतिक र नैतिकधर्म विर्सिदिए । आचरण त डाँकाको भन्दा निर्घिणी देखियो । डाँकादल बरू बचनमा चल्छ । नेताहरूको बचन हावादारी बन्नपुग्यो ।

जो राजनीति गर्छ, ऊ लखपति, करोडपति बनेको छ । कसरी राजनीतिमा लागेको मान्छे रातारात नवसामन्त बन्छ ? यसको जवाफ नेतृत्वले दिनसक्दैन ।

कांग्रेस माओवादीलाई भोट हाल्छ, माओवादी कांग्रेस जिन्दावाद भन्छ, राप्रपा सूर्य चिन्ह लिएर चुनाव लड्छ, सूर्यमा भोट हाल्छ, सूर्यवाला राप्रपालाई जिताउँछ, अचम्मको चुनावी दृश्य देखियो ।

चुनावअघि गठबन्धन, चुनावपछि गठबन्धन । गठबन्धन मौसमी हुन्छ, फेरिने क्रम चलिरहन्छ । गठबन्धन देश र जनताका लागि होइन सत्ताका लागि, स्वार्थका लागि गठबन्धन हुन्छ । गठबन्धन बनाउने र भत्काउने प्रतिस्पर्धा १७ वर्षदेखि चलिनै रहेको छ । नीति, सिद्धान्तको कुनै अर्थ छैन । सबै उही ड्याङ्गका आलुमूला देखिएका छन् ।

देश र जनता टुहुरा बन्नुको कारण राजनीतिले धर्म गुमाएर हो ।

समस्या बढ्यो । दलहरूभित्र समस्या, नेताहरूवीच समस्या, सत्ता र शासनमा समस्या, विदेश सम्बन्धमा समस्या, सामाजिक स्थितिमा समस्या, विश्वासको संकट, समस्यै समस्या ।

समस्याको रोग निको पार्ने कहिले, कसले ? समस्याले अराजकता, अस्थिरता छ, विदेशी चलखेल बढेको छ । अनिश्चयको बाढी चलिसक्यो । देश अराजकताको डढेलोमा परिसक्यो । जवाफदेही कोही लिदैनन्, सबै एकदोस्रोलाई खुइल्याइरहेछन्, गाली गलौज गरिरहेछन्, लाज मर्नु ।

प्रजातन्त्रवादी, राष्ट्रवादी, सर्वहारावादी र समाजवादी नारामा सिमित छ । राजनीति राजनीति नभएर मोलमोलाई, खरिदबिक्रीको विषय बन्न पुगेको छ । यस्तो राजनीति, संसद, सरकारले गर्न केही सक्दैन । गर्छ भनेर विश्वास गर्नु जनताको भूल हो । विदेशीले जे जति सहयोग दियो, सबै भ्रष्टाचार भयो, भागशान्ति जय नेपाल गरियो ।

यही सबै दृश्य देखेर अमेरिकाले ठग भन्ने आरोप लगाएको हो ।

देश र जनता अभरमा परे, सोच्ने कोही छैनन् । जनताले अभिभावक चाहिने रहेछ भनेर आन्दोलन गरे, आन्दोलनमाथि यिनै भ्रष्टहरूले साजिस गरेर विषयान्तर गर्न म्याद नाघेको टियरग्यास, गोली, लाठीचार्ज, पक्राउ, मुद्दा लगाउने षडयन्त्र गरिरहेको छ ।

यो विषय राष्ट्रसंघको बैठकमा भारतले नेपालका प्रधानमन्त्री केपी ओलीलाई चासो सुनाएका थिए । चैत २२ गते थाइलेण्डमा भएको विमस्टेकको बैठकमा आधाघण्टा वान टु वान वार्ता गरेर नेपाल चीनको पोल्टामा गएको हो ? भनेर प्रश्न मात्र गरेनन्, नेपालमा जनताले सडक प्रदर्शन गरेको विषयको उठान पनि गरेका थिए । यसअघि भारतका प्रधानमन्त्री मोदीले भारतीय संसदमै नेपाल असफल राष्ट्र हुन लागेको चिन्ता प्रकट गरिसकेको विषय कम अर्थपूर्ण छैन । तर नेपालका बुद्धिजीवी भनिनेहरू पटक्कै मुख खोल्दैनन् । नेपालको राष्ट्रियनीति के हो ? रणनीति, विदेशनीति, आन्तरिक एकता कता हो कता ? अब छिमेकी र मित्रराष्ट्रहरूले तीतो कुरा सुनाउन थालेका छन् । यसको अर्थ हस्तक्षेप हुनसक्ने खतराको घण्टी पनि हो । विदेश नीतिका सन्दर्भमा नेपालले कुनै पनि मित्र, छिमेकीलाई आश्वस्त पार्न सकेन । आन्तरिक अराजकताको आगोमा झुल्सिएको नेपाल विदेशी अविश्वासको आगोमा झुल्सिने खतरा बढ्यो ।

यस्तो बेलामा सचेतकको भूमिकामा प्रशासन, नागरिक समाज, बुद्धिजीवी, प्रेस देखिनुपर्ने हो । हरेक क्षेत्र कुनै न कुनै दलको भातृत्वमा छन् । राष्ट्रको अस्तित्व जोखिममा पर्दै गएकोमा चेत खुलेको खोई ? अचेतन भनेको मृत्यु हो । हामी मृत्यु रोज्ने कि स्वराज, दास हुने कि सार्वभौम ? समयले नेपालीका सामु यक्ष प्रश्न उठाइसकेको छ । यो समय राजा कि गणतन्त्र, समाजवाद कि सर्वहारावाद भन्ने समय होइन, नेपाल भन्ने समय हो ।

राष्ट्र संकटमा पर्नु भनेको हामी संकटमा परेको होइन र ?

# सरकारको गल्तीको फाइदा कसलाई मिल्यो ?



सुरेशकुमार पान्डे

भनिन्छ धान खाने मूसा चोट खाने भेगुता । सरकारले गरेको पटक-पटकको गलतीको सजाए जनतालाई व्यहोर्नुपर्छ । देशलाई व्यहोर्नुपर्छ ।

अब गर्मिको दिन आयो । मानिसलाई घरमा विद्युतको आवश्यकता बढ्यो । पानीको लागि पनि विधुत चाहिन्छ । कुलमानले विधुतमा केही त सुधार गरेका हुन् भन्ने हामिलाई पनि लाग्छ ।

हाम्रो देशमा राम्रो काम गर्नेहरूलाई देख्नै नसक्नेहरूको जमात छ । काम गर्नेहरूबाट केही गल्ती नभएको होला भन्न मिल्दैन । हुनसक्छ कुलमानका पनि केही गलतिहरू अवश्य होलान तर त्यो भन्दापनि समगह्रमा उनका कयौँ सकारत्मक पक्षहरू पनि छन् । कसैलाई पनि राजनीतिको बली चढाउनुभन्दा उसले देशका लागि गरेका केही राम्रा पक्षहरूलाई पनि ध्यान दिनुपर्ने हुन्छ ।

गर्मि याममा विद्युत् हामीलाई जस्तै आवस्यकता छिमेकी मुलुकलाई पनि छ । उनिहरूले किसानहरूलाई विद्युत् उपलब्ध गराउन सकिएन भने त्यहाँ सत्ता नै परिवर्तन हुनसक्छ । तर हाम्रो देशमा त्यसो छैन । जसले धेरै विद्युत् प्रयोग गर्छ तिनिहरू ठुलाठुला कम्पनीहरू अहिले पनि डिफाल्टर छन् । उनिहरूबाट रकम असुल गर्न सरकारले सक्दैन । त्यो रकम विदेशमा विद्युत् बेचेर देशलाई त्यो कर्जाबाट मुक्त गर्ने सरकारको योजना हुनसक्छ । त्यसबारेमा घिसिङ अलि सचेत देखिन्छन् । त्यही कारण घिसिङ बिवादमा पर्दै आएका देखिन्छन् । उनले बक्यौता असूलगर्ने अभियान सुरू गर्दाबित्तिकै उनिमाथि अनेक आरोप लगाएर कारवाही गरेको देखिन्छ । आखिर लुटाहाको शक्तिले घिसिङलाई निकाल्यो ।

देशभर १८-१८ घण्टा लोडसेडिङ खेपिरहेका जनतालाई उज्यालो नेपाल पनि सम्भव छ भनेर प्रमाणित गर्ने मान्छे हुन् कुलमान घिसिङ । यो बिचार हामीले मात्र होइन देशका आम नागरिकहरूको मुखारविन्दुबाट अक्सर सुन्न सकिन्छ । कुलमान र हाम्रो रिलेसन भनेको विधुत् हो अर्थात उन्को कार्यप्रणाली अरू कुनै चीनजान हाम्रो छैन । जनताहरू भन्छन् - उनले सम्भावना मात्र देखाएनन्, नेपाल देश उज्यालो बन्नसक्छ भन्ने बारे प्रमाणित पनि गरे । तर, आज त्यही नेतृत्वलाई सरकारको दम्भले कार्यकाल सकिनु चार महिना अगाडि नै बर्खास्त गर्‍यो । कुल चार महिना उनको शेष कार्यकाल रहेको भनिन्छ । तर किन बर्खास्त गर्नैपर्ने बाध्यता आइपर्यो ? सोंचनीय बिषय हो ।

सरकारको यो निर्णय केवल व्यक्तिगत अन्याय मात्र होइन, देशकै सफलता र आशामाथि प्रहार पनि हो ।

लोकतन्त्रमा सरकारको शक्तिभन्दा माथि कानुन र न्याय हुन्छ । विश्वास छ, यसपटक पनि अदालतले प्रमाणित गर्ने नै छ । कि देश बहुमतको दम्भले होइन, कानुन र न्यायको शासनले चल्छ ।

त्यो बिषय न्यायलयमा पुगिसक्यो । न्यायालयबाट पनि अन्याय भयो भन्नुपरेको छ घिसिङले । सोंचनीय कुरा के हो भने न सरकारले राम्रो काम गर्ने न सरकारले गरेको निर्णय देशमा लागुहुने । यस्तो कहालिलाग्दो अबस्था हाम्रो देशमा कहिलेसम्म रहिरहला ? आम सर्वसाधारणहरूको जल्दोबल्दो प्रश्न यही हो । अहिले कुलमान घीसिंग लाई सरकारले बर्खास्त गरेपछि त्यो बिषयले आन्दोलनको रूप लिन थाल्यो । जुलुस प्रदर्शन मिडियाहरूमा पनि सरकारलाई लिएर कतै सकारात्मक बिचार आएको भन्दा बढी नकारात्मक बिचार देखिन्छ । अहिले फेरि कुलमान चर्चामा आएका छन् । उनले भारतबाट एलइडी बल्ब खरिद गर्दा राष्ट्रघात गरेको कमिसन खाएको होकी होइन भन्ने कुरा पनि चर्चामा छ ।

जसले नदिनाल बेचेर खाए, सुन तस्कर गरे,भुटानीहरू समेतलाई बेचे । उनिहरूलाई कार्वाही गर्नु भन्दापनि कुलमानलाई कार्वाही गर्नुपर्यो किन ? यो प्रष्टै छ । सरकार सही मार्गमा छैन ।

कुनै नयाँ काम गर्दा बिभिन्न तर्क वितर्क आउनु नराम्रो बिषय पनि होइन । उनि शामन्ती परिवारका पनि होइनन् ।

रामेछापको दुर्गममा अवस्थित सरकारी स्कुलमा पढेका एकजना सामन्य किसानका छोरा अहिले नेपाली जनताको मन मुटुमा घर जमाउन सफल पनि छन् । देशलाई लोडसेडेङ मुक्त गराएर सबैको घरमा उज्यालो भित्राएका अभियन्ताको रूपमा जनताले बुझेका छन् । उनि आफैले पनि टुकी बालेर पढेको अनुभव छ । टुकीको धुवाँ नाक मुखमा पसेर अस्वास्थ भएको आफ्नै अनुभव घिसिङमा छ ।

उनि कार्यकारी निर्देशक बनेर आएपछि विद्युतमा काफी सुधार गरेका छन् । यसैले जनप्रिय छन् ।

भारतको जम्सेदपुरबाट सन १९९४ मा बीएस्सी इलेक्टिकल इन्जिनियर गरेपछि २०५१ तिर स्वदेश फर्किए ।

नेपाल विद्युत प्राधिकरणमा सातौं तहको इन्जिनियरको जागिरे भए । उनले काम गर्दै पढ्ने कर्ममा पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट पावर सिस्टम इन्जिनियरिङमा मास्टर्स गरे ।

२०७३ भदौ ३१ गते उनि कार्यकारि निर्देशक बने । उनि प्राधिकरणको एमडी भएपछि धेरै काम गरे । उनैले चिलिमेको जिम्मेवारी पाए र जतिवेला उनि दशौं तहमा थिए उनले नेपालको लगानिबाट पनि विद्युत परियोजना सफल रूपमा बनाउन सकिन्छ भनेर प्रमाणित गरे ।

यद्यपि कुलमान घिसिङ पहिले पनि बिवादमा न आएका भने होइनन् ।

हाम्रो देशमा राजनैतिक उछलकूँदले विकासमा भन्दा विनासमा बढि जोड दिएको देखिन्छ । अस्वस्थ राजनैतिक प्रतिस्प्रधाबाट देशको विकास हुनुपर्ने हो । सधैं विनास हुँदै आएको देखिन्छ ।

नेपालमा विश्वको सबैभन्दा सस्तो विद्युत् बन्नसक्ने प्रकृति अवस्था छ । यहाँ थालनी नभएको होइन । एसियाको सबैभन्द पहिलो जल विद्युत् परियोजना नेपालबाट नै थालनी भएको छ ।

विद्युत प्राधिकरणको स्थापना राणाकालमै भएको थियो ।

चन्द्र शमशेरले सन् १८११ मै अर्थात् विस.१९६८ मै काठमाण्डौ उपत्यकामा निर्मित ५०० किलोवाट क्षमताको फर्पिङ्ग लघु जलविद्युत् परियोजना सँगै गरेका थिए । यो एसिया कै प्रथम जल विद्युत् परियोजना थियो ।यसबाट ४०० किलोवाट विद्युत् वितरण र सुव्यवस्था गर्न एउटा अड्डाको आवस्याकता महेसुस् गरियो । परिणाम बिजुलीअड्डा नामक एउटा स्थापना गरियो ।

इतिहासमा नेपालको विश्व रिकार्ड भएपनि विकासको क्षेत्रमा शुन्य र गरिबी रेखा भित्र देश पर्छ ।

आखिर यस्तो हुनुको पछाडीको कारण सबैभन्दा पहिलो राणाहरूको ऐयासि र राजाहरूको मनोमानी र राजनैतिक दलहरूको दलाली प्रवृती जिम्मेवार छन् । यसको साथै छिमेकी राष्ट्रले विकासमा सहयोग भन्दा विनासको सल्लाकारको भूमिका निर्वाहा गर्दै जहिले पनि हाम्रो कम्जोरिबाट आफुले फाइदा उठाउने दाउमा रहँदै आएकोले देशले काँचुली फेर्न सकेन । विकास गर्न सकेन ।

राणाहरूले जातिय बिभाजन गराएर आफ्नो शासन लम्बाए उनिहरूले जातहरूको बिचमा गहिरो खाडल बनाएपछि जनताको बिचमा एकता हुन सकिन र आपसमा फुटकै कारण उनिहरूको सत्ताको आयु लामू भयो । देशभित्रका मेहेन्ती बलिया लडाकु योद्धाहरू देखेपछि अंग्रेजले नेपाली युवालाई आफ्नो देशको हितमा उपयोग गर्ने योजना बनायो । त्यसैको परिणाम थियो गोरखा भर्ती केन्द्र जसले देशको विकासमा पूर्ण विराम लगायो । हाम्रो देशले मजदुर निर्यात गर्ने कच्चा समान निर्यात गर्ने र आवस्यकता अनुसार खाद्यान्न, बस्त्र औषधी लगायतका आयात गर्नथाल्यो । उद्योग विकासमा पूर्ण विराम लाग्यो ।

भारतमा अंग्रेजहरूले फुटाउँ र राज गरौंको नीति जस्तै नेपालमा पनि राणाहरूले त्यही सिके । देशको विकास भन्दा विदेशी बस्तुको आयातले विकासमा झनै असर पुग्यो । दलित र जनजातिहरूलाई मदिराको आदि बनाएर उनिहरूलाई आपसमै पनि उपजात बनाइदिए र कमजोर बनाए ।

हाम्रो देशको सामाजिक ढाँचा आदिवासी र सिकारी प्रकारको थियो । जसलाई परमपराको नाममा वा कुलकुलानीको नाममा उनिहरूले गर्दै आएका नराम्रा कृयाकलापलाई पनि अगाडी सार्न थालियो ।

देशमा इन्जिनियर ,राम्रा विज्ञानिकहरूले विकासका लागि नयाँ प्रकारका योजना बनाउन थालेपछि त्यो हाम्रो समाजवाई पाच्य हुँदैन । त्यही प्रकारले देशभित्र विकासको साटो विनासको गतिबिधीहरू अगाडी सारिन्छ । जसले पनि व्यवहारमा उग्र र अतिरञ्जित नाराहरू अगाल्छ, भोका नाङ्गा वेरोजगार जनताहरू उनैको पछि लाग्छन् । यही नेपाली समाजको यथार्थ हो । परिणाम देख्दै मात्र होइन झेल्दै पनि आएका छौं । देशभित्रका २००७ यताका घटनाहरू यस्तै प्रकारका देखिन्छन् । कुनैवेला के आई सिंहको पछि लागे, कुनै वेला झापाली आन्दोलन् चर्कियो, कुनै वेला माओवादी आन्दोलन् चर्कियो । हिंजो राजालाई फालेका उनै जनताले आज राजतन्त्रका नारा लगाएर आन्दोलन गर्दैछन् । रोग बुझ्ने र त्यसको समाधान गर्ने बाटो कसैले अपनाएनन् ।

आज देशलाई सङ्घीयता चाहिएकै छैन त्यसको बिरोध भएको छ तर संघीयताबिरोधी आन्दोलनलाई कमजोर बनाइएको छ ।

जो राष्ट्रघात हो जनघाती हो त्यसलाई जनताले समर्थन् गर्छन् वा जनताको बुद्धी भुटेर उनिहरूलाई सडकमा डोराई मौका ढुकेकाहरूलाई मौका मिल्छ । हिजो राजतन्त्र फालेर गणतन्त्र ल्याउँदा होनहार नागरिक मारिए । आज फेरी आन्दोलन उक्साएर जनता मारिदैछन् ।

गणतन्त्रवादीहरूले अठाह्र वर्ष नपुग्दै राजतन्त्र सम्झाइदिएकाछन् । राजालाई ब्यूँताउनुमा यिनै ठूला दलका नेताहरू जिम्मेवार छन् । वर्षेनी सरकार बदल्ने, आलोपालो देश लुट्ने जनताहरूको कुरा नसुन्ने, देशको विकास नगर्ने, देशलाई विदेशमा बन्दकी राख्ने । महंगी, भ्रष्टाचारी, कालोबजारी, तस्करी आदीले गर्दा जनता आक्रोशित भएका छन् । राजावादीहरूले मौका पाउनु र जनताले राजा आउ देश बचाउ भनेर आन्दोलन गर्नुको कारण यही हो । अझै पनि गणतन्त्रवादीहरू राज्य आतंक फैलाएर असफल भइसकेको यही पद्धतिमा लिसो टाँसिएझैं टाँसिन पुगेका छन् । आफ्ना कमी कमजोरी र जनआवाज संवोधन गर्ने सद्बुद्धि यिनमा पलाएको देखिदैन । अहिले सडकमा राजावादीहरू आन्दोलित छन्, सङ्घीयताको बिरोधी जनता सडकमै छन्, उस्तै कुलमान घिसिङका समर्थक पनि सडकमा आन्दोलित छ ।

नेपाल आन्दोलनमय हुनुमा १७ वर्षमा पनि गणतन्त्रवादीले अवस्था बदल्न नसक्नु र राजनीतिलाई व्यवसाय बनाउनु जिम्मेवार छ । यो जिम्मेवारी यिनले लिनुपर्छ ।

सबैभन्दा पहिले सरकार राजनैतिक दलहरूले देशको अबस्थालाई ध्यान दिएर प्रदेश सरकार खारेज गर्नुपर्दछ । देशमा शान्ती बहालीका लागि सङ्घीय प्रणाली खारेज गरेर आर्थिक अवस्था जोगाउने र देशमा आफ्नै लगानीबाट कल कारखानाहरू खोल्ने । युवालाई योग्यताअनुसारको रोजगारीका प्रवन्ध गर्नुपर्छ । तबमात्र आन्दोलन शान्त हुनसक्छ, आन्दोलनमा जनताको सहभागिता हुनेछैन । असन्तुष्टि पोखिने छैन ।

अन्यथा आन्दोलन बाढी बन्नसक्नेछ । नेपाल बंगलादेश, श्रीलंकाका घटना दोहोरिन सक्नेछ । हेक्का राखेको देखिएन ।

अहिले देशमा अराजक प्रकारका गतिबिधीहरूले बर्चस्व पाउनु सरकारका गलत निर्णय र देशभित्रका युवाहरू वेरोजगार हुनु पहिलो कारण हो । नेतृत्वमा नैतिक जिम्मेवारी नहुनु दोस्रो कारण हो । राजनीति गर्नेले अपराधमा संलग्न भएर रातारात लखपति, करोडपति, अर्वपति बन्नु तेस्रो कारण हो । जनता र देशप्रति जवाफदेही नहुनु चौथो कारण हो । नीति, सिद्धान्त र नैतिकतामा अडिन नसक्नु, अवसरवादी बन्नु पाँचौ कारण हो । अराजकतामा विदेशीले चलखेल गर्नु स्वभाविक हो, विदेशी हस्तक्षेप बढ्नु र राष्ट्र कमजोर हुनु पनि स्वभाविक हो । नेतृत्वले यो सत्य बुझेको देखिएन ।

सबैले बुझ्नैपर्छ, सबै राजनीतिक शक्ति अटाउने अवस्थाका लागि राजनीतिक बहस हुनैपर्छ । संवाद र राष्ट्रिय सहमतिको बिकल्प छैन । अहंकार सबैले त्याग्नैपर्छ ।

## नागरिक बिद्रोहको आह्वान

आठबुँदे मागसहित नागरिक विद्रोह २०८१ पोखराबाट थालिएको छ । सम्पूर्ण आर्थिक, सामाजिक, राजनैतिक वेथितिको विरूद्ध बृहत आन्दोलन भन्दै आन्दोलन थालिएको हो । नागरिक विद्रोह २०८१ को आह्वानमा विद्रोह थालिएको हो ।




आन्दोलनले किरात, बौद्ध र हिन्दु सहितको वैद्धिक सनातन हिन्दु अधिराज्य, राष्ट्र र राष्ट्रियताको अभिभावकत्वका निम्ति संवैधानिक राजसंस्था, प्रत्यक्ष निर्वाचित शक्तिशाली प्रधानमन्त्री, स्थानीय तह दल विहिन हुनुपर्ने, सम्पूर्ण भ्रष्टाचारका काण्डहरूको छानविन, गाजा अगरउड, रक्तचंदन, श्रीखण्ड लगायतका जडिबुटी तथा बनस्पतिको वैधानिकता तथा व्यावसायीक उत्पादन, वास्तविक किसानलाई किसान कार्ड तथा कृषिलाई आत्मनिर्भर बनाउन कृषि सेना र सम्पूर्ण वित्तिय समस्याहरूको समाधानको आठवुँदे माग अगाडि सारेको छ ।

मंसिर २६ गते पोखराबाट सुरू भएको आन्दोलनको क्रममा अहिले केही समयपछि निर्णायक आन्दोलनको मिति घोषणा गर्ने तयारी भइरहेको जनसम्पर्क विभाग प्रमुख इन्जिनियर निरञ्जीवी भट्टराईले बताएका छन् ।




# जनता किन आन्दोलित छन् ?



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

देश आन्दोलित छ । आन्दोलन किन ? कसका लागि ? जनता यसरी आक्रोसित हुनु र त्यसको कुपरिणामको जिम्मेवारी लिने कसले ?

गतहप्ता प्रतिनिधिसभामा रोमाञ्चक दृश्यहरू देखिन्थे । एकातिर राजा चाहियो, अर्कोतिर कुनै हालतमा राजाको कुरा गर्न नै पाइँदैन भन्ने बहस चल्यो । ‘नाइँ मलाई त्यही केटी चाहिन्छ’ भन्ने व्यंग्यात्मक गीतजस्तै । संसद् दलहरूका लागि झगडा गर्ने थलो बन्यो ।

अब यो झगडा सडकमा चर्कै रूपमा उठ्न थालेको छ । झगडाको अन्त्य गर्ने ओखती खोज्न कोही तैयार छैन ।

संसद गाईजात्रा बनेको छ ।

सडक तमासा बनेको छ ।

बुद्धिजीवी तमासे बनेका छन् ।

संसदमा प्रत्यक्ष प्रसारणमा हुञ्जेल कुटुँला जस्तो । बाहिर निस्केपछि छुटुँला जस्तो । गाईजात्रा भनेजस्तै । हुन त संसद् पछिल्लो समयमा यस्तै यस्तै जात्रा गर्ने रंगमञ्चका रूपमा स्थापित हुँदै गएको छ । हो भन्नेले हो भन्नुस् होइन भन्नेले होइन भन्नुस् । कुरा खतम ! तर सधैं त्यत्तिले मात्र कहाँ पुग्थ्यो र संसद्, संसदका रूपमा नै रहन सकेको छैन । एकले अर्कालाई आरोप लगाउने यो नेताहरूको पुरानै महारोग हो ।

तु शेर है तो मै सवा शेर । यस्तै चलिरहेको छ । मालिक र दासबीचको विभेद अन्त्य गर्नका लागि कानुन बनाउने त्यही ठाउँमा माथिल्ला पदकाले तलकालाई होच्याउने । त्यही भएर होला ‘तँ भन्दा म के कम’ भन्ने खालको भयो । कांग्रेस होस् कि एमाले, माओवादी हुन् या राजावादी, आ-आफ्नै बाजा बजाइरहेका छन् त्यही संसदमा । जुम्लाका ज्ञानेन्द्र शाही हुन् कि ताप्लेजुङका योगेश भट्टराई, यो वा त्यो नाममा एउटा न एउटा तानाशाह स्वीकार गर्ने ! ज्ञानेन्द्र शाही राजाको पछि योगेश केपी-ओलीको पछि । स्वाभाविकै हो आ-आफ्नो अभिभावक स्वीकार गरेकै छन् ।

२०५१ सालमा माओवादीले जनयुद्ध भन्दै सरकारी भवन जलाए, ६१ तिर गगनहरूले सरकारी गाडीहरू जलाए । अहिले राजावादीहरूले फेरि उही बाटो अपनाउँदै घर, गाडी जलाए । २० वर्षअघि लोकतन्त्रका लागि आन्दोलन भयो । २० वर्षमा कसले के पाए कसले के गुमाए आफूले आफैंलाई प्रश्न गर्दा नै ठीक होला । २० वर्षपछि सडकमा आगो छ ।

प्रश्न- आन्दोलन के का लागि ? व्यवस्था परिवर्तनका लागि कि अवस्था परिवर्तनका लागि ? पुराना कुरा नगरौं भन्दै पन्छिन खोजे हाम्रा किरण बाजे ! त्यसो भए २०१७ सालदेखि ०४६ सम्म के पाए जनताले ? ०४७ देखि ०८१ सालसम्म के पाए ? सबैको साझा प्रश्न नै त्यही हो भन्छन्, सानो राजा ।किरण बाजे खै किन हो त्यत्ति खुलेनन् । संसददेखि सडकसम्म शक्ति प्रदर्शन के का लागि हो त ? जनतालाई आन्दोलनले के दिन्छ र ? आन्दोलन भन्यो आगो बाल्यो, निजीसरकारी सम्पत्ति खरानी बनायो । निको भएन यो रोग ।

किरण बाजे आन्दोलनका हर्ताकर्ता । यता सानो राजा आन्दोलनको विपक्षमा । कुरो के मिल्थ्यो ! संसदमा ज्ञानेन्द्र, योगेश र विश्वप्रकाश जस्तै । संसदमा राजतन्त्रवादी र गणतन्त्रवादीबीचको जुहारी । एउटा वारि, एउटा पारि । जे होस् पहिले-पहिले १० वर्षमा हुने आन्दोलन अहिले २० वर्षमा सरेको छ । दुई-चार दशकपछि ३० वर्षमा सर्ला ! आखिर के का लागि ? चाहे त्यो गणतन्त्रवादीको होस् चाहे राजावादीको होस् । जब जनताको आशा र भरोसा टुटेपछि यस्तै आन्दोलन हुनेरहेछ ।

दिनदिनै वृद्धाश्रम हुँदै गरेको मुलुकमा आन्दोलनका जात्रा किन ? सानो राजाले किरण बाजेलाई कोट्याइरहेका छन् । तर किरण बाजे ढुंगा बोल्ला मान्छे बोल्नेवाला छैनन् । आज किन हो सानो राजाको पालोजस्तै । उहीमात्र एकोहोरो । सरकार, सरकारजस्तै भएन । कांग्रेस-एमाले दुई मिलेर तानाशाह लाद्न खोजेपछि बालेन शाहले टुकुचामा गाड्न समयसीमा तोक्ने दिन पनि आयो । अनि निरंकुशतन्त्र फाल्नेहरू नै ज्ञानेन्द्र शाहका पक्षमा आगो बाल्ने दिन पनि देखिए ?

‘छन् गेडी सबै मेरी, छैनन् गेडी सबैं टेडी’ भनेजस्तै भो । गणतन्त्रको फल कसैकसैका लागिमात्र मिठो भो । सारा दुनियाँलाई तितो भो । जनताले राजा नै कहाँ मागेका थिए र ? व्यवस्था परिवर्तनसँगै अवस्था परिवर्तन खोजेका थिए । भोका नागरिकले खाना खोजे । बेरोजगारले रोजगारीको अवसर खोजे । बिरामीले उपचार खोजे । अभिभावकले गुणस्तरीय शिक्षालय खोजे । तर शिक्षालय व्यापारीको भो ! अस्पताल माफियाको भो ! बेरोजगारलाई दुबई, कतार मान्छे बेचेजस्तै भो । आफैं केही गर्न खोज्नेहरूका लागि जन्माउन पाएको छैन सरकारको करले थिलथिलो भो !

बाँच्नका लागि केही त गर्नै पर्ने भो । दलमा लाग्नेहरूका लागि सर्वत्र फलिफापमात्र भो, नागरिकहरूका लागि नेताहरूकै कारण बिल्लीबाठ भो । २०५२ सालमा गाउँबाट लखेटे, ०६२ मा सदरमुकामबाट खेदेझैं ०८२ मा कता खेद्ने हुन् ? सरकार जनताको भैदिएको भए, युवाहरू खाडीमा बेचिनु पर्दैनथ्यो होला ? गाउँमा डाँडामाथिको घाम जस्तै भएका बा आमाहरू घिटीघिटी भएर काल कुरेर बस्नु पर्दैनथ्यो होला । सन्तान, बाउ आमाको काखमा लुट्पुटिएर सधैंभरि वरिपरि बस्ने वातावरण कसले खोस्यो ? कहिले कांग्रेस-एमालेले खोस्यो, कहिले पञ्चेले खोज्यो, कहिले माओवादीले खोस्यो । खोस्नेहरूकै रजगज छ ।

संसदमा जनताका लागि आवाज उठेन । रोजगारी वृद्धि, उद्योगधन्दा सञ्चालनका कुरा उठेन । शिक्षा र स्वास्थ्यमा जनताको पहुँचका कुरा उठेन । रोजगारी बढाउने, सुलभ बनाउने कुरा उठेन । जनता थाप्लोमा ऋणको भार किन बढ्यो कुरा उठेन । चाहिने कुरामा आन्दोलन हुन्न, फेरि किन आन्दोलन ?

# There is awareness in Sikkim with a democratic system



**Rajan karki**

***Thank you Telegraph Nepal.com. For reminding me of this idea from some time ago. Thanks to Facebook too.***

Where is the country's politics heading foræ Have you any idea? The parties have become the savior of impunity, and a safe haven for criminals and terrorists. The nation which purifies the anti social and undemocratic forces, such a nation is bound to become a Jungle regime. The sovereign people have the right to pounce upon the anti-people elements but this sovereign right of the people have gone into the hands of the four party syndicate as if it were their private properties

Even after the formation of the new government led by Chief Justice Khil Raj Regmi, the general population doesn't appear that much pleasedæ Why soæ If the political parties have divided the nation on ethnic, language and religious lines then concurrently the State organs have become lethargic due to over politicization. So how the people could become happy when this hapless and helpless government has just come about as if it were the workers of the four party consortiumsæ It has been more than twenty four days of the Regmi government in office yet he has not made any address to the nation. The government which remains answerable to only four parties how can the people become happyæ Instead, the people appear to be in a mood to erupt like a volcano anytime soon being tired of the ones who have become the synonymous of mal-governance.

A section of intellectuals say that this government was formed trampling the basic fundamentals of constitutionalism and separation of power theory in a democratic system. What say you Mr. Karkiæ Is the protest just for the sake of protest or what else then?

It is just like setting ablaze the democratic system if you hand over all the State organs into the hands of one single individual. It is an act that tarnishes the very image of a democratic system. The four parties have made the notion of constitutionalism and separation of power theory a mere drama by elevating Justice Regmi as a clown. Question thus is why the Chief Justice with his post remaining intact could assume the post of the country's Prime Ministeræ Ignoring all these constitutional aspects the government has been formed thus one could suspect as to whether it is the grand design of the Maoists' tactical equilibrium in order to dismantle the vital organs of the State, for example, the judiciary, parliament, and the executive at a single stretchæ Do they want to shoot all these state organs by putting the guns in the shoulders of Justice Regmiæ Many people suspect to what I have stated.

It is being widely believed that Chief Justice is the choice of some developed countries in the West, for example, the US, the European Union, India and Japan. Why these countries may have selected Justice Mr. Regmiæ Any substantial political reason?

Yes! Mr. Regmi may not only be the choice of mere four parties, he may have been the preferred one of the foreigners as well. But Justice Regmi is not the preference or say the choice of the people. Today's Nepal situation resembles that of Rwanda of 2009. Any time, anything untoward could happen here. If Canada has closed down its assistance to Nepal then the World Bank looks after Nepal from being stationed in Dhaka. The major parties decided to handover the political decisions that were to be made by them to the foreign elements. The foreign players wish to weaken Nepal politically, diplomatically and also administratively in order to get their prime interests fulfilled. They just want to make Nepal as their fortress. Our parties now have begun believing not in Nepalism but alienisms. Justice Regmi's elevation is just a representative symbol of it all.

Khil Raj Regmi is both the Chief of the Executive and the Chief Justice. Both posts he has. Will not it be nice if Justice Regmi resigns from one post as per the wishes of the peopleæ How you take it?

Such exclusive right was reposed on Prime Minister Krishna Prasad Bhattarai in 1990-91. He was a statesman and he served the nation as per the rights bestowed on him by the nation in a magnificent manner. Regmi is just a bureaucrat and thus he is being held suspect. Regmi doesn't want to be observed in a single role. There is the danger lurking that Justice Regmi may turn an anarchist and may impose authoritarian rule. Fear is that how the domestic and the foreign players force him to play against the national interests. May people now suspect his credentials?

A section of the NC and the UML claim that elections can't be held if Justice Regmi continues in both the postsæ So will the election be held?

The daughter-in-law (Buhari) who doesn't know how to dance makes several excuses. Justice Regmi has double character and that it has already been more than four weeks he is yet to talk with the dissenting parties who have been opposing the election. Black flags are being raised and the effigies of the Chief Justice are being burnt and the process of Nepal closure has become routine affair. Nobody will believe the conduct of the poll when the nation is about to fall from a cliff (Krishna Bhir). The government head is not only with a communal mindset but also an irresponsible person who enjoys the Fagu (color festival)together with his Palpali brethren and has also encouraged communalism while making key appointments. And he is the one who prefers to enjoy visiting foreign countries at this critical time back home. We can say that Regmi's relevance has already come to an end because he lacks the capability in handling the State of affairs of this battered nation. He lacks the spirit.

Very recently the US Ambassador Peter W. Bodde appealed the Nepali population to embrace polls which he said much ahead of what should have come from Justice Regmi. Could some inner connection be made between the two?

Mind it that diplomats from the Super powers remain guided by their own national policies. The courage taken to convince the Nepalese is much similar to slapping up the entire Nepalese population. The excitement and the suggestions made by the foreign powers on matters where we have not demanded their suggestions indicates that how much they have been influencing us and also makes it clear as to how fast we are becoming like a parasite. This is a dangerous signal. Justice Regmi stands like a statue, however, the Ambassadorial activities of various countries have suddenly increased. We have been shrinking our own political stamina and acumen.

President Jimmy Carter suggested the Nepal government to ease some restrictions imposed on Tibetan refugees. Has Carter made such a statement in order to tease Chinaæ What could be his political interests in saying so Mr. Kark ?

The fact is that when incompetent leaders take the support of the foreigners, it is obvious that the US, India, EU and the Scandinavian countries should wish to make Nepal a country prone to violence and a strategic location. Not only is the playground of the regional forces but also our country becoming the strategic center of the World power midpoint. In order to tease China from Nepali soil, several tricks are being played right in our landmass. The US never compromises with its core interests. Under the cover of election observation, the Carter center, an illegal INGO in Nepal, all that this center wants is to target Nepal-China relations and raise the issue of free Tibet movement. The blind leaders do not see to these nationalist aspects. President Jimmy Carter raised the issue of Tibet. And Justice Regmi remained as a mere spectators who could not utter even a single word. This exposed his surface in many more ways than one.

Foreign maneuvering has increased. This is being said by some including Nepali Congress leader Dr. Shekhar Koiralaæ But so far we have failed in noticing such foreign playsæ Has it increased as per the rumorsæ Have you noticed such•a play?

To recall, Dr. Koirala was the priest of Chairman Prachanda, the representative of late Girija Prasad Koirala and a trusted partner of the Delhi regime at time of the 2005-6 movement. Dr. Koirala is the one who under the influence of New Delhi even rejected the theories of late BP Koirala and he is also the one who encouraged GP Koirala to become the President of Nepal. How can Dr. Koirala claim that foreign play has increased in Nepal of late because he is the one who has damaged the credentials of the Nepali Congress and the net result of which has been that the NC neither is here nor thereæ Has Dr. Koirala forgotten as to how all of a sudden his own party on March 14, 2013, took a surprising decision overnight which made Justice Regmi the Chief of the Executive?

It is talked that if Justice Regmi fails to conduct the poll on time then the consequences could be a disastrous oneæ What do all these meanæ Is it an indication of the approaching bloodshed once again or a fierce civil waræ Give it any name. The fact is that the Jungle Raj-regime- is very much similar to a situation where there is the absence of rule of law and the presence of a leaderless democracy which has no responsibility towards the Nation. Several issues confront the nation as of now for conducting the poll. The leaders and the Head of government possess no moral propensity to address these challenges that confront the nation today. So the situation may become anarchic which is only but natural. Regmi government is just a symbolic representation of the summary failure of the four parties. Justice Regmi is nothing more than a flower bouquet placed inside a plastic vase. It is futile to expect fresh and pure water from a polluted water source. One can't rule out the likelihood of fresh violence and bloodshed.

So then how to take the movement of 2005-6æ Was it a good one or bogus?

People supported movement must have a positive end. The movement was the mixture of power of the People's War, foreign assistance and a mindset of taking revenge with the prevailing monarchy. This was perhaps the chemistry of the movement. The movement did bring change; however, the people could not get the expected results. They were denied. The adhesive chemical that had glued the then agitating parties lost its chemical effect and thus such a situation changed even the structure of the agitating forces. Democracy went in to the hands of monkeys. Or it became a coconut in the hands of a monkey. The result thus landed with no positive gains for the people. The movement that was taken as a Historic one now has become an issue for repentance.

RPP-Nepal Chairman Kamal Thapa in a determined manner claims that he will restore the now sidelined monarchy. How to believe his claimsæ Is it still possibleæ What say you Mr. Karkiæ All that Kamal Thapa has said that Constitutional monarchy and democracy should go together. He demands referendum in settling the issues of Republican order, federalism and secularism. People appear to have endorsed Thaps's views to a greater extent. What percentage of people's mandate the institution of monarchy was sidelined and similarly how the nation was declared a secular oneæ Mind it that these issues were floated by Krishna Prasad Sitaula who was an election defeated candidate to which the then CA members clapped. The CA body which clapped then remains no more in this material world thus those issues have now become more than relevant. The then King if comes out from Nirmal Nivas, then the political parties which have now embraced party less system will automatically land in the 1990 constitution. The symptoms of all these have become evident as and when the sidelined King makes religious trips here and there across the country. Politics and rivers never go straight. In politics, neither you have a permanent enemy nor a lasting friendship. Nothing is impossible in politics. The people have begun asking as to whether one King is good comparatively than having several politically affiliated and corrupt Kingsæ

Being a senior journalist, how you take the prevailing situation of Nepali journalism, financial conditions included. It is talked that some perversions too have entered into the domain of Nepali media. What is it eventually?

Nepali media is moving ahead enjoying foreign blessing and is developing by being in the grip of media mafia. It is like what could be taken as 'pamphlet journalism'. Indeed the people have become aware yet environment is still not that much favorable for practicing independent journalism. The small newspapers are facing serious problems. There is the talk that next year some sort of Press Year is being celebrated. Let's hope that this Press year will clean the present day ugly trends seen in the media domain.

So you must have self satisfaction being in the media domain for several decades. It is also believed that nation's press and democracy rise and fall together.

Do you subscribe to these viewsæ Or reject this notion?

Though the media has been voicing concerns as regards the increasing violence and gender discrimination yet unfortunately there is the discrimination inside the media sector itself. Yet one should have satisfaction over whatever is with the media and should contribute for the well being of the Nepali society.

In the absence of nationalism, media and democracy while going together, what is being observed in the process is that the aspect of nationalism is being ignoredæ If nationalism is in a wakened state then where to keep the media and nation's democracyæ This is a burning question now confronting us all. For example, there is media in Sikkim, There is awareness in Sikkim with a democratic system remaining intact. But unfortunately, the independent Sikkim prior to what it was in 1975, doesn't exist at the moment.

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 17 **Thumb Impression**

"On April 9, 1975, the Indian army was deployed to annex Sikkim" wrote Khatiawara, "All the assembly members of Sikkim were once again rounded up and under threat were escorted to the assembly on April 10 and made to sign on the dotted line...." Actually, only 29 were present. Poudyal was nursing his injured wrist in hospital, and Pasang Tsering Bhutia and Tasa Tengay Lepcha were nowhere to be found when soldiers were sent to bring in the people's representatives. The rest well knew that the chief judge of the Central Court had forbidden the assembly to violate the constitution's express prohibition of any discussion of me Chogyal, or of Sikkim's relations with India. A few members even ventured to voice their misgivings. "However, we were told to 'shut up' and 'not to be too clever' by the president of the assembly, Shri B.B. Lal."

The chief executive inaugurated the session with a measured condemnation of Hariomal's 29 March injunction, claiming that the court had not only acted illegally but that it had transgressed against the people's majesty. He played n the vanity of immature politicians:

The service of notices by the court on the president and members of the house amounts to service of notices on this august house itself, and the question arises whether this august house, which represents the will of the people and is the legislative organ of government, having its own powers and privileges, is subject to the processes of a court, and whether a court can direct this august house and its members, along with its president, to do certain things or not to do certain things, and whether the issue of any such directions by a court to this august house does not constitute a breach of privilege of this house. There are many who think that a legislative body which is supreme in its own sphere and which has its own powers, and can lay down its own procedure which alone is binding on it, is not subject to the processes of court.

If this were so, the Sikkim assembly would have been a sovereign parliament. Lal fostered that misconception by recalling that erring civil servants had been summoned to the bar of the Lok Sabha and reprimanded. He also tossed them the prize of a privileges committee, naming six members to uphold the legislature's dignity and punish offenders. But Lal's "august house" was "supreme" only to the extent permitted by the Act creating it. It could not, for instance, declare Sikkim's independence or dismiss the chief executive. Neither could it violate any of the restrictions imposed by article 23(2) of the 1974 Act. Hariomal had done no more than point out this inherent disability, that too when his judicial opinion was directly sought. To have done otherwise would have been a grave dereliction of duty, and manifest disrespect for the constitution.

But in a political speech that appealed to emotion with half-truths and misleading analogies, Lal suggested that the chief judge had gone out of his way to give gratuitous offence to the sovereign people because a prejudiced judiciary was in league with a feudal monarchy. Lal was confident that his naive listeners would not know that the chief judge of the Central Court could not be dragged to the assembly and scolded like any petty bureaucrat. Nor were they aware that even the Lok Sabha is not entirely sovereign since India's Supreme Court holds that its enactments must respect the basic features of the constitution which is superior to Parliament. The limits of their knowledge were exposed by the questions asked and suggestions made. Kazi thought that Rasaily had to be punished because he had "filed a case challenging the authority of this assembly to pass the Government of Sikkim Act 1974." Bhim Bahadur Gurung too believed that "the court has challenged the authority of this house for passing the 1974 Act and this is beyond the jurisdiction of the court." Thg misconception was shared by three ministers (Bhuwani Prasad Dahai, Rinzing Tongden Lepcha, and Nayan Tsering Lepcha) who similarly accused Hariomal of impugning the constitution.

Only Krishna Chandra Pradhan acknowledged that far from questioning the Act, the court had underlined the inviolability of provision that the assembly was being egged on to flout. Being A'SJI aware of Lai's intention, he pleaded that members "should not discuss more than what has been promised to the people at the time of election"- a pointed reminder that the Sikkim Congress had no mandate to tamper with the monarchy or wipe out the kingdom's special status. But his was a lone voice, easily silenced after the infructuous political coup had been suppressed. Instead, Rinzing read out from a prepared Nepalese text (Bhim Bahaaur Gurung doing likewise in English) to move two resolutions, blaming "the persistent harmful activities of the Chogyal. . . which are designed to restore his autocratic rule in Sikkim, stifle democracy, frustrate the establishment of responsible government in Sikkim and impede the orderly political and economic progress of the people of Sikkim." The first motion declared that "the institution of the Cho Eval ishereby abolished and Sikkim shall henceforth be a constituent unit of India, enjoying a democratic and fully responsible government." The second proposed that the decision "shall be submitted to the people forthwith for their approval" and that India would then be asked "to take such measures as may be necessary and appropriate to implement this resolution as early as possible." contd...

# नेपालप्रति भारतको गलत नीति जारीछ


डा. शास्त्रदत्त पन्त

विदेशीले कस्तो चलखेल गर्दैछन् भन्ने कुरा थाहा पाएर पनि दलनेताले व्यक्त गर्न नसकेको कारण[ज्ञण्ज्ञ] समस्याले निकास पाउन नसकेको हो । मूल नीतिको अभावमा दलहरूबीच इण्डियाको स्वीकार्ने अमेरिकाको विरोध गर्ने, चीनको स्वीकार्ने बेलायतको विरोध गर्ने इत्यादि भैरहन्छ । दल र दलका नेताले कुनै अर्को देश वा अर्को देशको दलको दलाली गर्दछन् भन्ने कुरा स्वत:स्पष्ट छ । उदाहरणार्थ इण्डियाको आणविक अस्त्र परीक्षणबारे नेपालका केही दलले विरोध गरे र केही दलले समर्थन । यस्ता कुरामा राष्ट्रको एउटै आवाज हुनुपर्दछ । त्यस्तो बोल्ने दल वा नेतालाई कारवाही हुने स्पष्ट पद्धतिको विकास हुनुपर्दछ । त्यसो नभएसम्म विदेशी चलखेल रोकिने संभावना नै हुँदैन । त्यसकालागि राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र संविधानको अन्तिम संरक्षक राजालाई मात्र बनाइनु पर्दछ ।

२००७ सालदेखि अहिलेसम्म एकथरी राजनैतिक जमात इण्डियाको अन्धभक्त छ । त्यस जमातलाई इण्डियाले आश्रयस्थल दियो, साँझ बिहानको हातमुख जुटाइदियो, नेपालमा हवाई अपरहण, बैंक लुटजस्ता काम गर्दा पनि आतङ्ककारीलाई गरिने कारवाहीसम्म नगरी उल्टै संरक्षण दियो तथा नेपाल विरूद्ध हतियार उठाउन पनि सघाउ पुऱ्यायो । अर्कोथरी नेपाली जत्था अन्धविरोधी रूपमा देखापऱ्यो । दुवै दृष्टिकोण नेपालका अतिवादी हुन् । दुवै पक्षले आफ्ना गल्ती र कमजोरी सच्याउनु पर्दछ । दुईचार दिन खान बस्न दिएको भरमा राष्ट्रहितका कुरा परित्याग गरेर सही र सत्य कुरा बोल्नसम्म आँट नगरी रामभक्त हनुमान भएर सत्तामा बस्नेले काम गर्न मिल्दैन न त अन्याय गऱ्यो भन्दैमा सिद्धान्त र मर्यादाको तह छाडेर तथानाम गाली गरेर हिंड्न मिल्दछ । सबै नेपाली आफ्नो राष्ट्रप्रति समान रूपले संवेदनशील हुनुपर्दछ, विभाजित मनविचारको हुनुहुँदैन । विभक्त मनस्थितिले राष्ट्रलाई कमजोर बनाउँदछ र त्यही कमजोरीको फाइदा उठाएर विदेशीले हस्तक्षेप गर्ने गर्दछन् । विद्यमान आप्रवासको बाढी नरोकेमा कालान्तरमा नेपालको स्वतन्त्र अस्तित्व नै लोप हुनेछ ।[ज्ञण्ड] सबै नेपाली दलहरू मिलेर एकै स्वरले यो काम फत्ते गर्नपनि राजसंसथाको नेतृत्व चाहिन्छ ।

मूलनीति राष्ट्रियताको अभिन्न र साझा विषय भएकोले नेपालीमात्रको एकताको खाँचो अनिवार्य हुनुपर्छ । बुद्धिजीविहरू, विद्यार्थी, उद्योगपति, ब्यापारी, जनप्रतिनिधि सबै दल र तप्काका ब्यक्तिहरू झिना मसिना कुरामा अल्झिएर बस्न हुँदैन । महासागरहरू, समुद्र र ध्रुवहरू, हवा र प्रकाश जस्तै नेपालीमात्र समान जिम्मेवारी हुन्छ । ती हाम्रा नैसर्गिक हक हुन् । यो युग पाखुरीको होइन, दिमागको हो । सबै मिलेर विश्व जनमत बनाउनु पर्दछ । त्यसका लागि नेपाली मात्रको एउटा आवाज हुनुपरेको छ । प्रजातन्त्रमा आस्था राख्नेहरूले कानून, न्याय र समानताका आधारमा खुलेर कुरा गर्ने आँट गर्न सक्नुपर्दछ । ती कुरा नेपालीमात्रका उउटै हुनुपर्छ ।

७.सानो वा ठुलो धनी वा गरीव सबै मुलुकको सार्वभौमिकताको सम्मान समान हुन्छ । एकदेशले अर्को देशको क्षेत्रीय अखण्डताको सम्मान गर्न र सुरक्षाको संवेदनाशीलता बुझ्नुपर्दछ । त्यस्ता कार्यमा तुषारापात हुने अवस्थामा सत्तामा बस्नेले कानमा तेल हाल्न हुँदैन, न त प्रतिपक्ष दलहरूको विरोध गर्न मिल्दछ । त्यसमा मध्यनजर राखेर श्री ५ महेन्द्र तथा प्रम कीर्तिनिधि बिष्टका पालामा मुस्किल प्रयत्नले सन् १९६९ मा फर्काएको इण्डियन मिलिटरी मिसनलाई अर्को जामा लगाएर पुन: प्रवेश गराउन विगत तीन दशकदेखि भएको प्रयत्नलाई मूलनीति अनुसार निस्फल बनाइ राख्नुपर्छ । नेपाली मन मस्तिष्क विभक्त हुनु हुँदैन । न त आतङ्कवादको वहानामा भूराजनीतिको उपेक्षा गरी विदेशी सेनाको उपस्थिति गराउने कल्पनासम्म गर्न मिल्दछ ।

पश्चिमी मुलुकहरूले सुक्ष्मरूपले समस्या नबुझी दिनु र बुझेर पनि ठूला भारतलाई चिढाउन नचाहनुले नेपाल र नेपाल जस्ता साना देशले अन्याय सहिरहनु परेको छ । यो दुर्भाग्य हो । विश्व सामन्तवाद प्रवृत्तिको छत्रछायाबाट उम्कन नसकेको राष्ट्र संघले आफ्नो नीतिमा परिवर्तन ल्याई साना देशका साना मसिना मर्म पनि बुझ्ने र उनीहरूको संरक्षकत्व बहन गर्न सक्ने बनाउन समेत कुटनीतिक नियोगले गहन भूकिा खेल्नुपर्दछ । राष्ट्रसंघले कसैको कठपुतली भएर हैन बरू बिश्व सरकारको ठाउँ लिन सक्नु पर्दछ ।

भारतको नियत बुझेर सार्वभौम हक खोज गर्नुपर्ने हामीले नै हो ।

नेपाली नेताहरूमा राजा र राजसंस्थालाई शत्रुवत व्यवहार, देश निर्माता पृथ्वीनारायण्नलाई उपनीवेशवादी र विस्तारवादी भारतलाई सत्तामा टिकाइदिने गुरू र मालिक भाव राख्ने दलका नेताहरूको नियतनै सुधेर नेपाली आफ्ना खुट्टामा आफै उभिनसक्छन् भन्ने भावनामा परिवर्तन हुनु अनिवार्य छ । नेपाली दलको बुद्धिको पारख गर्न राजा महेन्द्रले कू गरेर र दिल्लीले लोकतन्त्र बनाईदियो भन्ने संकुचित बुद्धि बदलिनु पर्छ । नेपाली दलको बुद्धि कति छ भन्ने कुरामा नेकाका बडा नेताले नेपाललाई सेना चाहिँदैन, त्यो अनावश्यक खर्च हो, रक्षा भारतले हेरिदिन्छ, सेना, गुप्तचरीको खर्च घट्छ, भन्नेहरू छन्, त्यो गलत महसुस गर्नँपर्छ । कोशी, गण्डकी र महाकली लगायत जलश्रोत भारतलाई सुम्पेपछि नेपाली जनताको आक्रोस थाम्न त्यही दलका नेताले खेर गएको पानी त दिइएको हो भनेर मूढता प्रकट गर्नँ आर्को गल्ती हो । दलकै नेताले २०४७ सालको संविधानमा हटाइनै पर्ने कुरा शान्तिक्षत्र प्रसताव भनेर भारतका तबेदारी देखाउनु थप गलती थियो भने नेपालका प्राकृतिक श्रोतहरू माथि भारतको सहज पहुँच बनाउने दलहरूकै ताबेदारी कायम छ । यस्ता सबै कुरा दिमागबाट निकालेर जनतासंग माफि नमागेसम्म दीगो नेपाल र समृद्ध नेपालको कुरा नै हुन सक्तैन ।

नेपालले मिश्रित अर्थ नीति अनुसार नै हंकङ र सिंगापुर सरहको विश्वबजार बनाउन थालेको हो । त्यो उदार अर्थनीतिको भाग भए पनि भारतले विदेशी खास गरेर चिनिया सामान बिक्री गरियो भन्ने आशयले विरोध गऱ्यो । नेपालको जनसंख्यालाई चाहिने भन्दा बढी आयात गरेको भनेर बस्तुबस्तुको आँकडा समेत पेश गऱ्यो । नेपालीले भारतमा लगेर बेचेका होइनन् नेपाल आउने भारतीय पर्यटकले लाने गरेका थिए । यदि त्यसो हो भने पनि भारतले नेपालको सीमानामा पनि पाकिस्थान र बङ्गलादेशको सीमानामा लगाएको जस्तो विद्युत प्रवाहित काँडेतार लगाऔं भन्ने नेपालको प्रस्ताव पनि मानेन । भिसा र पासपोर्टबिना आवतजावत गर्न नपाउने बनाउन पनि मानेन, हबाइजहाज सरह स्थलमार्गमा पनि परिचयपत्र लागू गरेर अभिलेख राखौं भन्दा पनि मानेन । भारतको सीमाको सुरक्षा भारतले नै गर्नु पर्दछ, भारतमा प्रवेश हुने अवैध व्यापारको रोकथाम भारतले नै गर्नु पर्दछ । नेपालभन्दा बलियो देश भारतले उसको सीमा ब्यापारको रक्षा गर्न नेपालको ब्यापार पद्धतिमा भाँजो हाल्नु आन्तरिक मामलामा हस्तक्षेप हो ।

भारत विस्वकै सवै भन्दा धेरै हतियार आयात कर्ता देश हो । अत्याधुनिक यूद्ध-तोप, बम वर्षक विमानहरू, पारमाणविक पनडुब्विहरू, मध्यमदुरीका क्षेप्याष्त्रहरू निर्माण, आयात, र संचय गर्न वर्षेनी अरवौ डलर खर्च गर्दछ । तर त्यसै देशले नेपालले आफ्नो आन्तरिक सरक्षणकालागि आयात गरिने साना र सामान्य हतियारको आयात गर्दा पनि भारतलाई खतरा हुन्छ भनेर निरन्तर बिरोध गर्दछ । भारतको तर्क नै हास्यास्पद छ ।

नेपालल वैदिक संस्कारको मुलुक भएकाले दोहोरो मापदण्ड लिन जान्दैन, झुठो वोल्न जान्दैन, अन्याय गर्दैन । तर भारत पाश्चात्य उपभोक्ताबदी संस्कारको शासनमा रहेकाले नाकाबन्दीलाई पनि अनैतिक, अमानबीय ठानेनन् ।

# संविधानमा महिलाका मुद्दा



**मानवअधिकारकर्मी**
**तथा अधिवक्ता मोहना अन्सारी**

संविधान संशोधन आवश्यक हो ।१० वर्षमा यसको संशोधन हुनुपर्छ तर, देशको नेतृत्व गर्ने दलहरूले के-के विषयमा संशोधन हुनेछ भन्ने पारदर्शी ढंगले नागरिकलाई महसुस गराउन सकेनन् । ..जनतालाई संविधानले के दियो भन्ने सबैलाई पारदर्शी ढंगले थाहा छ । यो संविधान जारी हुँदा जनतामा जुन किसिमको आत्मविश्वास जागेको थियो, त्यसले अब सबै कुरा फेरिने छ भन्ने थियो । विकासले गति लिनेछ, देशको आर्थिक अवस्थामा सुधार हुनेछ, देशका जति पनि संस्थाहरू थिए, विशेषगरेर संविधानले परिकल्पना गरेका संस्थाहरू- न्यायालय, संवैधानिक आयोगहरू, सुरक्षाका अंग, कर्मचारीतन्त्रले अब गति लिनेछ भन्ने थियो ।

तर, विडम्बना ! हामीले संविधान जारी हुँदा जे-जस्तो संरचनागत परिवर्तनको परिकल्पना गरेका थियौं, त्यो विषय त्यसरी अघि बढ्न सकेन ।.. आजका दिनसम्म निजामती कर्मचारी र सुरक्षा निकायले आफ्नै ऐन पाउन सकेका छैनन् । हामीले आवधिक निर्वाचन गऱ्यौं । निर्वाचनले एक किसिमको गति लिँदै गयो । त्यो हाम्रा लागि सकारात्मक विषय हो तर, यही १० वर्षको अवधिमा संसद विघटनको पनि अनुभव गऱ्यौं । संवैधानिक रूपमा अघि बढ्दै गर्दा त्यस्तो नहुनुपर्ने थियो । संविधानले त निश्चित समयसम्म सरकारको नेतृत्वको परिकल्पना गरेको छ । जनता संविधान र त्यसको कार्यान्वयन गर्ने निकायबाट के कुराको अपेक्षा गर्छन् भन्दा सुरक्षाको अपेक्षा गर्छन् । विकास अपेक्षा गर्छन् । आर्थिक रूपान्तरण र न्यायको अपेक्षा गर्छन् । जनताका यी मुद्दाहरूमा एक ढंगले भन्ने हो भने प्रगति हुन सकेन । आर्थिक रूपमा जनताको लगानी सुरक्षित छैन । सहकारी र मिटर ब्याजको नाममा जनता लुटिनु परेको छ । हामीले त्यस्तो सोचेका थिएनौं । सामाजिक न्यायको हामीले जसरी परिकल्पना गरेका थियौं र संविधानले जसरी परिकल्पना गरेको छ, त्यो पनि पूरा हुन सकेन । हामीले यी मुद्दाहरूमा गम्भीरतासाथ सोच्न सकेनौं ।

सैद्धान्तिक रूपमा भन्ने हो भने जनताले न्याय खोजेकै बेला पाउनु पऱ्यो । जब त्यहाँ बाधा-व्यवधान सिर्जना हुन्छन्, तब ढिला प्राप्त भएको न्याय, न्याय नै होइन । न्याय कागजी पनि हुनु हुँदैन । जनताले न्यायको अनुभूति गर्न पाउनु पर्छ तर हामीकहाँ कागजी न्याय छ । जनताले त्यस्तो न्यायको अनुभूति नै गर्न पाउँदैनन् ।

उदाहरणका लागि मैले चिनेको एक जना महिला हुनुहुन्छ, उहाँ नियमित रूपमा जिल्ला, उच्च हुँदै सर्वोच्च धाइराख्नु भएको छ । उहाँ घरेलु हिंसा पीडित हो । आफ्नै छोराबाट । विगत १० वर्षदेखि आमा-छोरी न्यायका लागि लडिरहेका छन् र कानुनमा भएको कुरा मागिरहेका छन् तर उनीहरूले न्याय पाउन सकेका छैनन् । १० वर्षसम्म मुद्दा लडेर आफ्नो भएको सबै गुमाइसकेपछि प्राप्त गरेको न्यायको के औचित्य ? अंश सम्बन्धी मुद्दा कस्तो हुन्छ भने कागजी रूपमा फैसला हुन्छ, उसले उपभोग गर्न पाइरहेको हुँदैन । त्यसरी प्राप्त न्याय, न्याय नै होइन भन्ने लाग्छ ।..

संविधानको प्रस्तावनामा भएका विषयहरू जस्तै: समावेशीता र धर्मनिरपेक्षताका बारेमा धेरै नकारात्मकता देखिन्छ । समावेशीतालाई पढेलेखेका व्यक्तिहरूले समेत गरिबी निवारणको मुद्दा मान्नुहुन्छ । जबकि त्यस्तो होइन । धर्मनिरपेक्षता प्रत्येक व्यक्तिका लागि, सबै धर्म-समुदायका लागि महत्त्वपूर्ण विषय हो । संविधानमा यसले महत्त्व पाएको छ । यी विषय संशोधन हुनु हुँदैन । अहिले धेरै आमाहरू जो दुर्व्यवहारमा पर्नु भएको छ र जसका पतिले उनीहरूलाई एक्लै छाडेर गए, उनीहरूले पनि सन्तानलाई आफ्नो पहिचानबाट नागरिकता दिलाउन सकेका छैनन् ।

त्यसपछि प्रादेशिक र स्थानीय तहको संरचनाका विषय छन्, त्यसमा गम्भीर हुनुपर्नेछ । संविधानले जसरी प्रादेशिक संरचनाको परिकल्पना गरेको छ, त्यसको वास्तविक अभ्यास हुनै पाएको छैन । प्रादेशिक सरकार त जनताको हकहितमा काम गर्नका लागि बनाइएको थियो तर त्यस अनुरूप हुन सकेन । संविधान संशोधनबारे छलफल गर्दैगर्दा हाम्रो ध्यान त्यतातर्फ केन्द्रित हुनुपर्छ होला तर, राजनीतिक दलहरूको ध्यान असंशोधनीय विषयतर्फ फोकस भएको देखिन्छ । संविधान संशोधनको मुद्दालाई अहिलेका दलहरूले सत्ताको लेना-देनाको मुद्दा बनाएर अड्काएका छन् ।

नेपालको संविधानले महिलालाई स्वीकारेको छ । अंश र वंशको कुरा जसरी त्यहाँ लेखियो, वास्तविकतामा भन्ने हो भने संविधान एक ठाउँमा गएर चिप्लिएको छ । संविधानले महिलालाई स्वीकार गऱ्यो तर महिलाको अस्तित्वलाई आत्मादेखि स्वीकार्न सकेन । त्यही भएर नेपालको संविधानले महिलालाई दोयम दर्जाको नागरिक ठान्छ । दोस्रो दर्जाको नागरिक भन्दैगर्दा एउटी महिलाले आफ्नो सन्तानलाई जब पहिचान दिन सक्निन्, तब यो कुरा उठ्ने गर्छ । छोरी जन्मेपछि पहिले बुबाको आश्रयमा । विवाह भइसकेपछि पतिको आश्रयमा । पतिको मृत्यु भइसकेपछि छोराको आश्रयमा हुनुपर्ने हाम्रो जुन स्थिति छ, त्यो आज पनि कायम छ । म एक्लै मेरो सन्तानलाई मेरो पहिचान दिन्छु र उसलाई नागरिकता दिलाउँछु भन्ने हो भने महिलालाई यसरी नङ्ग्याइन्छ कि त्यसको कल्पना पनि गर्न सकिँदैन । राज्यको निकायले हामीलाई त्यस्तो व्यवहार गर्ने गरेको छ । त्यसपछि महिलाभित्र पनि हामीजस्ता जो महिला छौं, म जुन समुदायको प्रतिनिधित्व गर्छु, त्यसमा पनि नेपालको संविधानमा कतै न कतै चिप्लिएको छ ।

कुनै महिला बलात्कृत भइन् र उनीबाट सन्तान जन्मियो भने उनले आमाको नामबाट त्यो सन्तानलाई नागरिकता दिलाउन सक्दिनन् । कुनै स्वतन्त्र महिलाले म सन्तान जन्माउन चाहन्छु तर विवाह बन्धनमा बाँधिन चाहँदिनँ भनिन् भने उनीबाट जन्मेको सन्तानलाई राज्य नागरिकता दिन मान्दैन । हिजोसम्म कुनै महिला विवाहित थिइन्, उनको सन्तान पनि भयो तर सन्तान जन्मेपछि उनको पारपाचुके भयो, अब त्यस्तो परिस्थितिमा पनि उसको बुबा को हो भनेर राज्यले सोध्ने गर्छ र आमाको नामबाट नागरिकता दिन अस्वीकार गर्छ । राज्यमा रहेको पृतिसत्तात्मक सोचकै परिणामले यस्तो भएको होला...संविधान संशोधनमा यसलाई मुद्दा बनाइनु पर्छ । अहिले नागरिकता ऐन संशोधनमा गएको छ । संविधान संशोधनबारे चर्चा चल्दै गर्दा महिलाका यी मुद्दामा संशोधन हुनु जरूरी छ र, महिलालाई सशरीर स्वीकार्नुपर्छ ।

मुस्लिम समुदायको जुन किसिमको अर्थपूर्ण सहभागिता भन्छौं हामी, त्यो सहभागिता हामीले देख्न पाएका छैनौं । जनगणनाले मुस्लिम समुदायको जनसंख्या बढेको देखाउँछ तर लोकसेवाको आवेदन संख्यामा त्यसको प्रतिविम्ब देखिँदैन । त्यसमा पनि मुस्लिम महिलाको प्रतिनिधित्वलाई झनै उपेक्षा गरिन्छ ।

नेपालले महिलाको हकमा राम्रो प्रगति गरेको छ । मलाई त्यसमा खुसी लाग्छ । हामीले जति नै निराशाका कुरा गरे पनि हामीसँग केही आशालाग्दा कुरा पनि छन् ।

नेपाली महिलाको समाज र राज्यमा जुन प्रकारको उपस्थिति छ, त्यो दक्षिण एशियामै अग्रणी छ । त्यसैले नेपालले गरेको प्रगति धेरैलाई मन परेको छैन । यही भेगका राष्ट्रलाई पनि मन परेको छैन । त्यसैले नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनुपर्छ । समावेशी राष्ट्र हुनुपर्छ र, यसैले नेपालको प्रगति गर्नेछ ।




# कालापानी, लिपुलेक-लिम्पियाधुरा गयो, कहाँ छन् सांसद ?



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ चैत २६, Apr. 8, 2025





अन्तिम पातो – शाश्वत शर्मा

## भ्रष्टहरूको दिनगन्ती सुरू


नेपालमा द्रुतगतिमा घटनाक्रम घटित भइरहेका छन् । चैत १५ को दुर्भाग्यपूर्ण राज्यसत्ता दमनबाट उत्पन्न घटनको चर्चा भइरहेको बेलामा गत बिहीवार काठमाडौं महानगरपालिकाका जिम्मेवार व्यक्तिबाटै ताल्चा फोड्ने, भ्रष्टाचारको आरोप लगोका कार्यकारी अधिकृतलाई हुलहुज्जत गरेर हुलिनु, निर्वाचित भेयरको साख गिराउने काम भएका छन् । यो विषय तातै छ, शुक्रवार राति तुल्सीपुर उच्च अदालतको आदेशले बुढानीलकण्ठस्थित आफ्नैं निवासको बेडरूममै पसेर प्रहरीले रास्वपाका अध्यक्ष रवि लामिछानेलाई पक्राउ गरेको छ । शुक्रवार नै थाइलेण्डमा नेपालका प्रम ओलीले थाइलेण्ड र भारतका प्रधानमन्त्रीसँग वार्ता गरेका छन् । खासगरी भारत र नेपालका प्रम नरेन्द्र मोदी र केपी ओलीवीचको गोप्य एकान्त वार्ताको विषय सार्वजनिक नहुँदै उल्लेखित घटना भएका हुन् । १५ गतेको राज्य आतंकलाई विषयान्तर गर्न घटना अनेक भएका भनिदैछ । तथापि सडकदेखि बुद्धिजीवीले समेत न्यायिक छानबिनका लागि माग गरिरहेका छन् र प्रम ओलीले नकार्न सकेका छैनन् ।

राजतन्त्रवादीको शान्तिपूर्ण आन्दोलनलाई बर्बरतापूर्वक राज्यदमन गरियो र सेनासमेत परिचालन गर्नुपर्ने अवस्था आउनुबाट राज्यसञ्चालकहरू जनताबाट कति टाढिसकेछन् भन्ने सबैले अनुमान गरेका छन् । फागुन २५ र चैत १५ को राजतन्त्रवादी आन्दोलनको समाचार विश्वभरिका शक्तिशाली मिडियाहरूले कभरमात्र गरेनन्, नेपाली जनताले राजतन्त्र खोज्न थालेको रूपमा प्रस्तुत गरेका छन् । यसबाट गणतन्त्रवादीहरू झन बढी हतोत्साही र आत्तिएका देखिन्छन् । त्यसैको परिणति हो, राजालाई अनाहकमा विवादमा तान्ने घटनाक्रमलाई लिन सकिन्छ ।

विश्लेषकहरू जनताको आक्रोश यति बढीसकेको छ कि संबोधन गर्न गणतन्त्रवादी अग्रसर नभए बंगलादेश मोडलमा मुलुक जानसक्ने बताउँछन् । सरकारमा रहेका र विपक्षी तथा तिनका मिडियाहरूले भ्रम फैलाएर यो पद्धति बिनष्ट पार्न लागिपरेका छन् भन्नेहरू पनि धेरै छन् । त्यसै पनि कूलमान घिसिङ र रवि लामिछानेमाथि आवश्यकता भन्दा बढी दुःख दिएकोमा जनताको नजरमा अलोकप्रिय बन्दै गएको र वीरगञ्जको सुख्खा बन्दरगाह भारतीयलाई जिम्मा दिएको समाचारले पनि जनतामा आक्रोश थपिएको छ । पूर्व प्रम झलनाथ खनालले यो व्यवस्थाले गरेको लूटका कर्तुतहरू यतिबेलै सार्वजनिक भएका छन् । यसैवीच गणतन्त्रवादीवीच नै तनाव छ, प्रचण्डले प्रम ओलीलाई गणतन्त्रवादी नै होइनन् भनेका छन् । ओली पनि के कम ? प्रचण्डमाथि विष बमन गरिरहेकै छन् । समाजवादी मोर्चाका नेता माधव नेपालले आफ्नो कार्यालयमा सरकारी भिजिलान्तेले आगो लगाएको आरोप लगाएको आरोप पनि आश्चर्यजनक छ । राजतन्त्रवादी एक हुँदैछन्, जनताको आक्रोश बढेको छ, गणतन्त्रवादीवीच तिक्कता उर्लेको छ । यस्तो व्यवस्था कति दिन चल्नसक्छ ? त्यसै पनि भ्रष्टाचारमा उभिएको पद्धति बालुवाको महलजस्तो न हो । हरेक क्षेत्र, तह र तप्काले जनतालाई नै आक्रोसित पार्ने काम गरिरहेका छन् । यसकारण पनि यो गणतन्त्रलाई गणतन्त्रवादीले नै आगो लगाइरहेको देखिन्छ । प्रश्न के पनि छ भने विदेशीका मालिकको इसारामा यिनीहरू त्यतै लागेका त होइनन् ?

नेपालमा राजतन्त्र किनारा लगाउँदा पनि विदेशीकै इसारा थियो, आज राजतन्त्र माग गर्नेहरूमाथि दमन चक्र चलाउँदा आलोचित भएपछि तिनै विदेशीको सहायता खोज्न थालेका छन् । जति पनि गणतन्त्रवादी ठूला नेता छन्, तिनलाई भारतले उभ्याएका अनेक प्रमाणित प्रसङ्गहरू सार्वजनिक भइसकेका छन् । यिनले जतिसुकै देशभक्तीको नाटक गरे पनि यिनले गरेका देशविरोधी घात र भ्रष्टाचारका काण्डले यिनको झुकेको शीर उठ्ने कुनै सम्भावना देखिदैन । तथापि थाइलेण्डमा भारतका प्रम नरेन्द्र मोदीसँग भेटवार्ता भएपछि सम्बन्धमा जमेको बरफ अर्थात आइस ब्रेक भएको भनेपनि मोदीले नेपालमा जनप्रदर्शनलगायतका घटनामा चासो राखेकोबारेमा ओलीले के जवाफ दिएछन् र मोदीले के कस्तो प्रतिकृया जनाए भन्ने विषयले निकै ठूलो अर्थ राख्ने देखिन्छ । यथार्थ के हो भने भारतले यिनै भ्रष्टहरूलाई साथ दिइरहने हो भने सम्बन्ध अझ बढी चिस्सिन सक्नेछ । स्वयम् ओलीले भनिसकेका छन्, सगरमाथा संवादको निम्तो दिंदा मोदीले आफू युरोप भ्रमणमा जाने बताएका छन् भने ओलीले नेपाल भ्रमणको निम्तो दिंदासमेत मोदीले ओलीलाई भारत भ्रमणको निम्तो नदिनुले पनि वान टु वान गरेको वार्ता अन्तरनिहित विषयबस्तुवारे अनुमान लगाउन सकिन्छ । नेपालमा शिक्षक र सहकारी, मिटरव्याज पीडित पनि सडकमै छन् । समष्टिमा भ्रष्ट शासन असफल भइसक्यो, परिवर्तन अवश्यंमभावी छ । नेपालको शासनविरूद्ध भारत पनि सहमत देखिन्छ ।

# इतिहास भन्छ– बुद्धथलो लुम्बिनी फा सियानले पत्ता लगाएका हुन्



बुद्धज्ञानीहरू भन्छन्- बौद्ध धर्म सन् ६७ मै चीन पुगिसकेको थियो र विस्तारै लोकप्रिय पनि हुन थालेको थियो । सुरूमा गौतम बुद्धले के भनेका थिए, त्यसैबारे भ्रम थियो । यस्तोमा एकजना चिनियाँ भिक्षु फा सियान निस्के, बौद्ध धार्मिक यात्रामा । उनको त्यही यात्रा बन्यो बुद्ध इतिहासको भरपर्दो स्रोत । लगभग १ हजार ६ सय वर्षअघि उनले गरेको कपिलवस्तु र लुम्बिनीको भ्रमण आधुनिक नेपालको इतिहासकै लागि पनि अद्वितीय छ । नेपाली भूमिको धार्मिक यात्रा गर्ने उनी ऐतिहासिक कालका पहिलो चिनियाँ हुन् भन्दा हुन्छ । बुद्धबारे जान्न यो इतिहास पढुन् ।

फा सियानभन्दा अगाडि पनि बौद्ध धर्मको अध्ययनका लागि केही चिनियाँ भिक्षुले आफ्नो देश छाडेका थिए, तर उनीहरूले आफ्नो यात्रा विवरण लेखेनन् । यिनकै यात्राका कारण गौतम बुद्धको जन्मस्थल लुम्बिनी आधुनिक नेपालमा पर्छ भनेर पत्ता लगाउन र प्रमाणित गर्न ठोस आधार मिलेको हो । गौतमवीर बज्राचार्यका अनुसार ‘फा सियानले आधुनिक नेपालका लागि लगाएको सबभन्दा ठूलो गुण नै यही हो । पछि त्यसैको आधारमा अरू चिनियाँ बौद्धभिक्षुले यात्रा गरे लेखे ।’

फाको जन्म चीनको सान्सी प्रान्तमा भएको थियो । उनको धार्मिक यात्राको समय सन् ३९९ देखि ४१४ लाई मानिन्छ । उनले दक्षिण एसियाको धार्मिक यात्रामै १६ वर्ष बिताएका थिए । त्यस क्रममा बौद्ध धर्मको गहन अध्ययन गरे र ठेलीका ठेली प्रमाणित बौद्ध ग्रन्थ चीन लगे । स्वदेश पुगेपछि उनले आफ्नो यात्रा विवरणका रूपमा लेखेको प्रसिद्ध पुस्तक हो, ***‘बौद्ध राज्यको विवरण’*** ।

खण्डहर कपिलवस्तु :

फा सियान श्रावस्तीबाट लुम्बिनी पुगेका थिए । त्यस क्रममा उनले **काश्यप बुद्ध, क्रकुछन्द बुद्ध र कनकमुनि बुद्ध**को जन्मस्थल देखे । त्यसपछि कपिलवस्तु नगर पुगे । बज्राचार्यले लेखेका छन्, ‘नगरमा न राजा त प्रज्ञा नै थिए । नगर पूर्ण रूपले खण्डहर र उजाड स्थितिमा देखेका थिए । केही श्रवण र दस घर परिवार आदिवासी मात्र उनले त्यहाँ देखे । राजा शुद्धोदनको प्राचीन तिलौराकोट दरबारमा उनले केबल कुमार र मायादेवीको मूर्ति मात्र देखेका थिए ।’

लुम्बिनी यात्राको विवरणमा फा सियानले लेखेका छन्, ‘यहाँ महारानीले एउटा कुण्डमा नुहाएकी थिइन् । त्यसपछि कुण्डबाट उत्तर कुना भएर माथि उत्रिनु बीस पाइला जति पर पुगेर हातले एउटा वृक्षको हाँगा पूर्व दिशा फर्केर समाइन् । यसपछि कुमारलाई जन्म दिइन् ।’ त्यस क्षेत्रमा घनाजंगल रहेको हुनाले यात्रीले बुद्धको अस्ति धातु राखिएको स्तूप देखेको फाको किताबमा उल्लेख छ ।

उसबेलाको लुम्बिनी : सन् १८९६ डिसेम्बरमै मात्र हो, गौतम बुद्धको जन्मस्थान लुम्बिनी हो भनेर फेरि पत्ता लागेको । सन् १८०० तिर युरोपतिर बौद्ध धर्म लोकप्रिय हुन थालेको थियो । केही युरोपेली भाषामा प्रमुख बौद्ध साहित्य पनि अनुवाद भए । बौद्ध धर्मबारे थप खोजी हुने क्रम सुरू भयो । लुम्बिनीसँगै बुद्धगया, सारनाथ र कुशीनगरबारे पनि खोजी सुरू भए । पालि साहित्यसँगै फा सियान र स्युवीयान चाङ (कतिपयले **हुएन साङ** पनि भन्ने गरेको) को यात्रा विवरणको आधारमा लुम्बिनीको खोजी भएको हो । लगभग आठ सय वर्षसम्म यसको स्थिति अज्ञात रह्यो । त्यस बीचमा के भएको हुनसक्छ भनेर इतिहासकारहरूले थरीथरीको अनुमान गरेका छन् । स्युवीयान चाङ लुम्बिनी पुग्दासम्म त्यस बेला त्यहाँ मानवबस्ती धेरै पातलिसकेको थियो । पछि त यो घनाजंगलमा परिणत भयो । इतिहासकार भुवनलाल प्रधानका अनुसार त्यस समयमा त्यहाँ ठूलो भोकमारी चलेको हुन सक्छ । बाढी आएको पनि हुन सक्छ । अथवा भयानक आगलागी भएर बस्ती नष्ट भएको अनुमान पनि गरिन्छ ।

यस्तै कुनै प्राकृतिक प्रकोपका कारण लुम्बिनी त्यति लामो समय सबैको जानकारी बाहिर रह्यो । फा सियानकै भ्रमण र उनले लेखेको पुस्तकबाट प्रेरित भएर सातौं शताब्दीमा **स्युवीयान चाङ**ले लुम्बिनीको भ्रमण गरे र लुम्बिनीका विषयमा नयाँ नयाँ थप जानकारी छाडेर गए । फाले आफूले गरेको भ्रमणका क्रममा खासखास स्थानमा कुनै न कुनै चिह्न छाडेर गएका थिए । ती पदचिन्हहरूले पनि बुद्ध र लुम्बिनीबारे यथार्थ बोल्छन् । यसले उनीपछिका चिनियाँ यात्रीलाई सजिलो भएको थियो ।

**बुद्धभद्रसँग सहकार्य** : **फा सियान** चीन फर्केयता नानचिङमा उनको भेट भयो, बुद्धभद्रसँग । यी दुई बौद्ध विद्वान् मिलेर संस्कृतबाट धेरै बौद्ध दर्शकका सूत्र चिनियाँ भाषामा अनुवाद गरे । त्यसमध्ये सबैभन्दा प्रसिद्ध ग्रन्थ हो- **महापरिनिर्वाण सूत्र** । चिनियाँ भाषामा लेखिएको एउटा ग्रन्थ छ- **गो सेङ चुआन** । यसको अर्थ हुन्छ, प्रमुख बौद्ध भिक्षुको जीवन । यसमा बुद्धभद्रको जीवनी पनि उल्लेख छ । चिनियाँहरू उनलाई आफ्नो भाषामा च्वेस्यान भन्थे । त्यस पुस्तकमा राम्रोसँग के उल्लेख छ भने बुद्धभद्रको जन्म कपिलवस्तुमा भएको थियो । उनी शाक्यवंशी राजा अमृतोदानका वंशज थिए । अमृतोदान गौत्तम बुद्धका नातेदार हुन् । इतिहासकार विजयनारायण मानन्धरको ठहर छ, सम्भवतः बुद्धभद्र चीन पुग्ने पहिलो त्यस्तो ऐतिहासिक व्यक्ति हुन्, जसको जन्म आधुनिक नेपालमा पर्ने भूभागमा भएको थियो । यिनै फा सियान र बुद्धभद्र मिलेर चीनमा बौद्ध धर्मको विकास र प्रचारका लागि धेरै सहकार्य गरे, जसको चर्चा अहिले पनि भइरहेको छ । उनी बुद्धधर्म प्रचारका यी शिखर पुरूषमध्येकै हुन् भनेर मान्नुपर्छ ।

-डा. विनिता



## देशलाई आवश्यक नेतृत्व नै छैन – मदन रेग्मी

भारतपरस्त मानिएका पत्रिकाले पहाडवाट तराईमा बसाईसराई गरेका कारण तराईमा भीड वढेको अनौठो समाचार दिने गरेका छन् । जवकि यथार्थ के हो भने तराईमा बढदो भीड भारतले लादेको खुला सिमानाको फाईदा उठाएर भारतीयहरूको नेपालमा निरन्तर भैरहेको बसाइँसराइबाट भएको हो । यो कटु सत्यलाई लुकाएर पहाडका नेपालीहरू तराई झरेकाले त्यहाँ भीड भएको भन्ने झुठो दावी भारतमुखी पत्रिकाहरूले गर्दै र लेख्दै आईरहेका छन् । जुन सरासर मिथ्या समाचार हुन् । यथार्थ के हो भने पहाडका नेपालीहरू पचासौ लाख गल्फ, मध्येपूर्व लगायत विभिन्न देशमा रोजगारीका लागि गएका छन् । पहाडमा खेती गर्ने मान्छे पनि छैन । स्मरणरहोस्, नेपालीहरूलाई नेपालमै अल्पमतमा पारेर । राष्ट्रिय चेतना भएको जनता नै छैन । न उनीहरूसँग आक्रोश छ, न त खराव र असल छुट्याउने क्षमता नै । फेसवुकमा त नेपाल कसैले खाईदिए पनि हुन्थ्यो भन्ने विचारधारा राख्ने समूह पनि भेटिन्छन् । दस-पन्ध्र वर्ष जेलजीवन विताएका पार्टीमा छन् तर यिनीहरूले गरेको त्याग त देशको लागि होइन रहेछ, अरूको लागि र आफ्नै लागि रहेछ भन्ने प्रमाणित भइसकेको छ ।

## सहकारी ठगहरू किन पक्राउ पर्दैनन् ?

लाखौं नागरिकको साना ठूला निक्षेप बटुलेर घोषित ८६ अर्ब, सबै जोड्दा ३ खर्ब बचत लुट्ने लुटाहहरू जो डामिए तर तिनलाई पक्राउ गरेर कानुनको कठघरामा ल्याउन नसक्दा बचतकर्ता पीडामा छन् । राष्ट्र बैंकसहितको राज्य संयन्त्र सकृय नहुँदा लोक औषधि खान नपाएर मरिरहेका छन् । जननिर्वाचित नेता बोल्दैनन् ?




## उपभोक्ता हकको रक्षा गरौं

- प्रत्येक उपभोक्तालाई गुण स्तरीय वस्तु तथा सेवा प्राप्त गने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ ।

त्यसैले :

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

